# अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा मानवीय र सामाजिक वस्तु हो । मानिसले आफ्ना अनुभव, अनुभूति, भाव वा विचारको सम्प्रेषणका लागि भाषाको प्रयोग गरिएको हुन्छ । भाषालाई ज्ञान आर्जनको सशक्त र प्रभावकारी माध्यमका रूपमा लिइन्छ । भाषाको आर्जन व्यक्तिले समाजबाट नै गर्दछ । भाषाको आर्जन एकातिर घरपरिवार तथा छिमेकका सम्पर्कबाट स्वतः हुँदै गइरहेको हुन्छ भने अर्कातिर औपचारिक शिक्षाबाट पनि यसको आर्जन गर्न सकिन्छ (शर्मा र पौडेल, २०७० : १) । भाषा विचार आदान प्रदानको महत्त्वपूर्ण माध्यम हो ।

मौखिक र लिखित गरी भाषाका दुई माध्यम हुन्छन् । मौखिक भाषा ध्वन्यात्मक माध्यम भएकाले विचार विनिमयका लागि सरल, सुगम र प्रभावकारी हुन्छ । भाषाको वास्तविक रूप नै मौखिक रूप हो तर विभिन्न कारणले गर्दा मानवीय समाजमा लिखित भाषाको प्रयोग हुन्छ । यसलाई कागज र कलमको सहायताले विभिन्न लेख्य चिह्नको प्रयोग गरी प्रस्तुत गरिन्छ (शर्मा र पौडेल, २०७० : १) ।

भाषिक सिप भनेको भाषाको बारेमा जान्नु मात्र नभई भाषामा आधारभूत सिपहरूका बारेमा जान्नु पनि हो । भाषाका चारवटा सिपमध्ये सुनाइ र पढाइ आदानात्मक प्रकृतिका हुन्छन् । बोलाइ र लेखाइ प्रदानात्मक प्रकृतिका हुन्छन् । भाषाका चारवटा सिपहरूलाई धेरै नै महत्त्वपूर्ण मानिन्छ । यी चारवटा सिपहरू एकआपसमा अन्तरसम्बन्धित छन् । वक्तालाई आफ्नो विचार व्यक्त गर्न लेखाइ सिपले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । शिक्षण सिकाइ क्रियाकलापमा लेखन सिपको पहिलो चरण वाक्य निर्माण हो । यसलाई निरन्तरता दिनका लागि अनुच्छेदलेखनले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । लेखाइ सिपबाट विद्यार्थीहरूमा लेखनकला विकास गर्न चिठीलेखन, प्रतिवेदन लेखन, सारांशलेखन र अनुच्छेदलेखन गराउन सकिन्छ । यिनै कुराहरूमाथि मध्यनजर

गरेर अनुच्छेदलेखन मार्फत् आफूले देखेका, जानेका, सुनेका, पढेका, अनुभव गरेका जस्ता कुरालाई सही माध्यमले सञ्चित गर्न सुनाइ, बोलाइ, पढाइभन्दा लेखाइ सिप नै उपयुक्त मानिन्छ । यस्ता सिप अनुच्छेदलेखनको महत्त्वपूर्ण भूमिका रहन्छ ।

## १.२ समस्याकथन

लिखित अभिव्यक्तिका विभिन्न कार्यकलाप हुन्छन् । अनुच्छेदलेखन क्षमता पनि लिखित अभिव्यक्ति कै प्रक्रिया हो ? कुनै शीर्षकमा निहित भावलाई स्वतन्त्र रूपमा सङ्क्षिप्त विस्तार गर्नु अनुच्छेदलेखन हो । प्रस्तुत शोधप्रस्तावमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययनमा केन्द्रित रहेर अनुसन्धान गरिएको भएकाले उक्त अध्ययनसँग सम्बन्धित समस्याकथनलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता कस्तो छ ?

(ख) लैङ्गिकताका आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको स्थिति कस्तो छ ?

(ग) विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको तुलनात्मक स्थिति कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि कार्य उद्देश्यमूलक हुनुपर्दछ । अनुसन्धान जस्तो गहन विषयमा त यो नभई नहुने कार्य हो । तसर्थ उद्देश्यलाई कुनै पनि कार्यको केन्द्रबिन्दु मान्न सकिन्छ । आधारभूत तह कक्षा आठमा अध्यापनरत विद्यार्थीहरूको अनुच्छेदलेन क्षमताको अध्ययन शीर्षकसँग सम्बन्धित विभिन्न उद्देश्य राखी यो अध्ययन गरिएको छ । यस शोधका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको पहिचान गर्नु,

(ख) लैङ्गिकताका आधारमा अनुच्छेदलेखन क्षमताको विश्लेषण गर्नु ।

(ग) विद्यालय प्रकृतिका आधारमा अनुच्छेदलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

कुनै पनि शोधकार्य गर्न के कति सान्दर्भिक छ भन्ने बारे प्रस्ट रूपमा जानकारी गराउनुपर्दछ । नेपाल एक बहुजाति, बहुभाषिक एवम् बहुसांस्कृतिक मुलुक भएकै कारण नेपाली भाषामा पहिलो भाषाको प्रभाव परेभैँ नेपाली भाषाको प्रयोग एवम् व्यवहार गर्न कठिन परेको छ । जसले गर्दा नेपाली भाषाको लेखाइ सिपको विभिन्न पक्षमा त्रुटिहरू हुने सम्भावना बढी नै रहन्छ । अनुच्छेद लिखित अभिव्यक्ति क्षमता र सिर्जनात्मक लेखाइको एउटा पाटो हो । त्यसैले विद्यार्थीको अनुच्छेद लेखन क्षमता पहिचान गरी आवश्यक सामग्री र शैक्षिक क्रियाकलाप सञ्चालनमा यस अध्ययनले सूचना प्रवाह गर्ने छ । नेपाली शिक्षणका क्रममा अनुच्छेदलेखन शिक्षा गराइ रहेका अध्यापकहरूका लागि यो शोधकार्यले सहयोग पुऱ्याउने छ । नेपाली भाषा अध्ययन र अध्यापन गराइरहेका मानिसहरूका निम्ति उपयोगी छ । त्यसैले गर्दा अर्घाखाँची जिल्लामा अनुच्छेदलेखन सम्बन्धी अध्ययन अनुसन्धानमा उक्त शोधकार्य उपयुक्त हुने छ । त्यसैले प्रस्तुत अध्ययन औचित्यपूर्ण हुने छ ।

अनुच्छेदलेखनको अभ्यासबाट बालबालिकाको शब्दभण्डार विकास, लेखन सिपको क्रमबद्धता, सिर्जनात्मक क्षमताको विकास, स्वतन्त्र लेखन गर्न र शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी, व्यवस्थित, वैज्ञानिक र उद्देश्यमूलक बनाउन अनुच्छेदलेखन क्षमताको अध्ययनबाट सहयोग पुऱ्याउने भएकाले उक्त शोधकार्य महत्त्वपूर्ण हुने छ ।

## १.५ शोधको परिसीमा

शोधप्रस्तावमा निर्धारित शीर्षकअन्तर्गत कुन कुन पक्षको अध्ययन गर्ने हो सो को किटान गर्ने कार्यलाई शोधकार्यको सीमाङ्कन भनिन्छ । अध्ययन कार्यलाई उद्देश्यमूलक

परिणाममुखी, तथ्यपरक, विशिष्ट बनाउन सीमाङ्कन गर्नु आवश्यक हुन्छ । प्रस्तुत शोधप्रस्तावको सीमाङ्कन निम्नानुसार गरिएको छ :

(क) प्रस्तुत अध्ययन अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमतामा सीमित रहेको छ ।

(ख) अर्घाखाँची जिल्लाभित्र रहेका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूमा मात्र सीमित रहेको छ ।

(ग) अर्घाखाँची जिल्लाभित्र रहेका दसवटा विद्यालयका १०/१० जनाका दरले १०० जना विद्यार्थीहरूलाई अनुसन्धानमा सहभागी जनसङ्ख्या मानिएको छ ।

(घ) यो अध्ययन कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता परीक्षणसँग मात्र सीमित रहेको छ ।

(ङ) अर्घाखाँची जिल्ला भित्रका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयमा मात्र सीमित रहेको छ ।

## १.६. शोधपत्रको रूपरेखा

शोधपत्रको संरचनालाई सुसङ्गठित रूपमा प्रस्तुत गर्नका लागि विभिन्न परिच्छेद वा अध्याय र व्याख्याअन्तर्गत शीर्षक, उपशीर्षकहरूमा विभाजन गरिन्छ । शोधप्रस्ताव तयार गर्दा पूर्वानुमानका आधारमा मुख्य परिच्छेद र शीर्षकहरू उल्लेख गरी शोधपत्रको रूपरेखा निर्माण गर्न सकिन्छ । प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ : :

अध्याय एक : शोधपरिचय

यसअन्तर्गत शोधको परिचय शीर्षक रहनेछ, जसमा अध्ययनको पृष्ठभूमि, समस्याकथन, शोधकार्यको उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको परिसीमा र अध्ययनको रूपरेखा रहेको छ ।

अध्याय दुई : सम्बद्ध कार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

यसमा पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा मूल शीर्षक रहेको छ, जसअन्तर्गत पूर्वकार्यको पुनरावलोकन, पूर्वकार्य अध्ययनको महत्त्वका साथै निवेदनलेखनसँग सम्बन्धित सैद्धान्तिक अवधारणाहरू प्रस्तुत गरिएको छ ।

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्ययन विधि र प्रक्रिया मूल शीर्षक रहने अध्याय तीनमा अध्ययनका क्रममा अवलम्बन गरिने विधि र प्रक्रियाहरूलाई विस्तृत रूपमा उल्लेख गरिएको छ ।

अध्याय चार : समग्रताका आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता

समग्र विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन शीर्षकमा अनुच्छेदलेखन क्षमताको व्याख्या विश्लेषण गरिएको छ ।

अध्याय पाँच : लैङ्गिकताका आधारमा अनुच्छेदलेखन क्षमताको अध्ययन

लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ ।

अध्याय छ : विद्यालय प्रकृतिका आधारमा अनुच्छेदलेखन क्षमताको तुलना

विद्यालय प्रकृतिका आधारमा अनुच्छेदलेखन क्षमताको अध्ययन शीर्षकको यस अध्यायभित्र सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको विश्लेषण गरिएको छ ।

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

सारांश, निष्कर्ष र उपयोगिता मूल शीर्षकको यस अध्यायमा अध्ययनको समग्र सारांश, अध्ययनबाट प्राप्त निष्कर्ष र प्रस्तुत अध्ययनका उपयोगिताहरू समावेश गरिएको छ ।

सन्दर्भसामग्री सूची

परिशिष्ट

व्यक्तिगत विवरण

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक परिचय

## २.१ पूर्वकार्यको पुनरावलोकन

कुनै पनि विषयमा शोधकार्य गर्नुभन्दा पहिला उक्त क्षेत्रमा यसभन्दा अगाडि के कस्ता कार्य भए ? के कस्ता निष्कर्ष र सुझाव दिए ? सो क्षेत्रमा अझै पनि के कस्ता समस्याहरू छन् ? भन्ने कुराको विश्लेषण गर्नु नै पूर्वकार्यको पुनरावलोकन वा समीक्षा हो । पूर्वकार्यको समीक्षाले शोधार्थीलाई समस्याको विशिष्टीकरण गर्न सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न, अवधारणा स्पष्ट पारी परिभाषीकरण गर्न, पुनरावृत्तिका सम्भावनालाई हटाउन, नयाँ एवम् उपयुक्त प्रविधि अपनाउन, समस्याको औचित्य स्थापित गर्न शोधको आवश्यकता बोध गराउन सहयोग पुऱ्याउँछ ।

### २.१.१ पुस्तक पुनरावलोकन

लामिछाने (२०६२) द्वारा *नेपाली भाषा शिक्षण परिचय* नामक पुस्तक प्रस्तुत गरिएको छ । उक्त पुस्तकमा पनि लेखाइ शिक्षण तथा यसको आवश्यकता र क्रियाकलापको चर्चा गरिएको छ । यसमा लेखाइ शिक्षणका विविध कार्यकलापमा अनुच्छेदलेखन लगायत अन्य क्रियाकलापको उल्लेख गरिएको पाइन्छ । वाक्यात्मक तहभन्दा माथिल्लो एकाइका रूपमा रहेको अनुच्छेदमा वाक्यहरू सङ्गठित भएका हुन्छन् । यसबाट लेख्य क्षमता बुझ्न सजिलो हुने भएकाले अनुच्छेदलेखन कार्यकलाप गराउनु हरेक दृष्टिकोणबाट लाभदायक हुने कुराको चर्चा यस पुस्तकमा गरिएको पाइन्छ । प्रस्तुत पुस्तकको पूर्वकार्यको समीक्षाले सम्बद्ध शोधको सैद्धान्तिक पृष्ठभूमि निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

न्यौपाने (२०६७) द्वारा *अनिवार्य नेपाली* नामक पुस्तकमा अनुच्छेदलेखनको परिचय, लेख्ने तरिका, नमुना दिई कुनै विषय वा शीर्षकमा केन्द्रित रही क्रम मिलाएर केही वाक्य समूहमा तयार पारिएको लिखित अभिव्यक्ति अनुच्छेद हो भनी उल्लेख

गरिएको छ । उक्त पुस्तकको अध्ययनले यस शोधकार्यका लागि सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग पुऱ्याउएको छ ।

भण्डारी र अन्य (२०६७) द्वारा *नेपाली भाषा शिक्षण* नामक पुस्तक तयार पारिएको छ । उक्त पुस्तकमा लेखनकलाको विकासका लागि विभिन्न कार्यकलाप गराउन सकिने कुराको चर्चा गरिएको छ । यसै क्रममा लेखाइका कार्यकलापअन्तर्गत अनुच्छेदलेखन पनि समावेश गरिएको उक्त पुस्तकमा कक्षाको स्तरअनुसार शीर्षक दिएर अनुच्छेदलेखन अभ्यास गराउनु पर्ने र जति माथिल्लो कक्षामा पुग्यो, त्यति नै अनुच्छेदको क्षेत्र विस्तार हुँदै जाने कुरा उल्लेख गरिएको पाइन्छ । यस पुस्तकको अध्ययनले विद्यार्थीको अनुच्छेदलेखन क्षमता कस्तो रहेको छ र यसका लागि के कस्ता कार्यकलापहरू उपयोगी हुन्छन् भन्ने कुरा प्रस्ट्याएको हुँदा यस शोधपत्रका लागि यो अध्ययन उपयोगी देखिन्छ ।

अधिकारी (२०५०) द्वारा लिखित *नेपाली भाषा शिक्षण* नामक पाठ्यपुस्तकमा भाषिक सिपका विभिन्न पक्षको चर्चा गर्ने क्रममा लेखाइ शिक्षणका बारेमा उल्लेख गरिएको छ । विद्यार्थीहरूमा लेखन सिपको विकासमा सहयोग पुऱ्याउन अनुच्छेदलेखन पनि महत्त्वपूर्ण पक्ष भएको कुरा यस पाठ्यपुस्तकमा उल्लेख गरिएको छ । उक्त पाठ्यपुस्तकमा अनुच्छेद भन्नाले विभिन्न वाक्यहरूको समूहबाट बनेको सङ्गठित, वैचारिक एकाइ हो भन्ने कुरा प्रस्तुत गरिएको पाइन्छ । लेखाइ शिक्षणअन्तर्गत विविध कार्यकलाप, लेखाइको शुद्धीकरण, लेखाइको प्रयोजन, लेखनका कमजोरी, लेखनका प्रकार, लेखन शिक्षणमा विचार पुऱ्याउनुपर्ने केही विशेष कुरा उल्लेख गरिएको उक्त पुस्तक यस अनुसन्धानका लागि उपयोगी र सान्दर्भिक हुने देखिन्छ ।

ढुङ्गेल र दाहाल (२०७०) द्वारा *नेपाली भाषा शिक्षण* नामक पुस्तक तयार पारिएको पाइन्छ । उक्त पुस्तकमा स्वतन्त्र र सृजनात्मक लेखन, लेखाइ शिक्षणका कार्यकलाप, लेखाइमा पाइने कमजोरी र तिनका निराकरणका उपायहरू, लिखित अभिव्यक्तिको शुद्धीकरण जस्ता विषयवस्तु समावेश गरिएको सो पुस्तक यस अध्ययनका

दृष्टिले उपयुक्त देखिन्छ । उक्त पुस्तकमा विद्यार्थीले अनुच्छेदलेखनमा देखिएका कमीकमजोरीहरूलाई नियाल्दै त्यसका समाधानका उपयासमेत उल्लेख गरिएको हुनाले यो अध्ययन उपयोगी र सान्दर्भिक देखिन्छ ।

शर्मा र पौडेल (२०७०) द्वारा लिखित *नेपाली भाषा र साहित्य शिक्षण* पुस्तकमा कुनै शीर्षकमा निहित भावलाई स्वतन्त्र रूपमा सङ्क्षिप्त विस्तार गर्नु अनुच्छेदलेखन हो भनिएको छ । यसलाई लेखनकलाको महत्त्वपूर्ण कार्यकलाप मान्न सकिन्छ । यसको आकार प्रकार विद्यार्थीको अनुभव सङ्गठन गर्ने क्षमतासँग सम्बन्धित हुन्छ । अभिव्यक्तिगत सङ्क्षिप्तता र गहनता नै यसको विशेषता हो ।

ओझा (२०७३) द्वारा *माध्यमिक शिक्षक दिग्दर्शन* नामक पुस्तक प्रकाशित गरिएको छ । उक्त पुस्तकमा कुनै पनि विषय वा अंशमा आधारित भई सिर्जनात्मक तरिकाले स्वतन्त्र र सङ्क्षिप्त रूपमा विस्तार गर्नु अनुच्छेदलेखन हो । लेखन सिप विकासको महत्त्वपूर्ण आधार अनुच्छेदलेखनलाई विद्यालय तहको प्राथमिक स्तरदेखि माध्यमिक वा उच्चमाध्यमिक तहसम्म अनिवार्य पाठ्य अभ्यास तथा परीक्षणीय माध्यम बनाउनुपर्दछ भनी जोड दिइएको पाइन्छ ।

भण्डारी (२०७४) द्वारा *प्राज्ञिक लेखन तथा सम्पादन* नामक पुस्तक तयार पारिएको छ । उक्त पुस्तकमा अनुच्छेदको परिचय, अनुच्छेदको संरचना, अनुच्छेदको प्रकार, नमुना दिई अनुच्छेद भनेको कमभन्दा कम वाक्य समूहबाट व्यक्त गरिएको आलेख हो भनी उल्लेख गरिएको छ । यस पुस्तकको अध्ययनले उक्त शोधकार्यको सिद्धान्त निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

माथि उल्लिखित पाठ्यपुस्तकले सम्बद्ध शोधकार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । शोधकार्यको सैद्धान्तिक पृष्ठभूमि निर्माण, व्याख्या विश्लेषण गर्नमा सहयोग पुऱ्याएको छ । निम्नमाध्यमिक तहका विद्यार्थीको अनुच्छेदलेखन क्षमतालाई तथ्य र प्रमाणका आधारमा पुष्टि गर्न र शोधकार्यलाई सरल र सहज तरिकाले सम्पन्न गर्न पुस्तक पुनरावलोकन गरिन्छ ।

### २.१.२ शोधपत्र पुनरावलोकन

बराल (२०६४) द्वारा 'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखनका आधारमा वर्णविन्यास क्षमताको अध्ययन' नामक शोध शीर्षकमा अनुसन्धान गरेका छन् । शोधपत्रमा लिखित अभिव्यक्तिका क्रममा भएका भाषिक चिह्न प्रयोगसम्बन्धी त्रुटिहरूको अध्ययन गरेको देखियो । साथै विराम चिह्न प्रयोग र वर्णविन्यासीय क्षमता पहिलो नेपाली भाषी र दोस्रो नेपाली भाषी विद्यार्थीहरूको तुलनात्मक अध्ययन गर्नु उद्देश्य रहेको छ । यसमा इलाम जिल्लाका एक संस्थागत र पाँच सामुदायिक विद्यालयका छन् । ६ जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । सामग्रीका रूपमा मातृभूमि शीर्षकको अनुच्छेदलेखनको प्रयोग गरी तथ्याङ्कीय विधिबाट अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यसमा देखिएका कमी कमजोरीहरूलाई सुधार गर्नका लागि २५ वटा सुझावहरू प्रस्तुत गरिएको छ । यस अध्ययनले अनुसन्धान गर्नका लागि उद्देश्य लक्ष्य पत्ता लगाउन, सीमा र निष्कर्ष निकाल्न सहयोग गरेको छ ।

खत्री (२०६६) द्वारा 'उच्च माध्यमिक तह कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन' नामक शीर्षकमा शोधपत्र रहेको पाइन्छ । उक्त अध्ययनमा कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको पहिचान गर्नु, भाषिक पृष्ठभूमिका आधारमा नेपाली पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याइएको छ । उक्त विद्यार्थीहरूमा अनुच्छेदलेखन सम्बन्धी कठिनाइहरूको पहिचान गर्नु, उक्त कठिनाइहरूको निराकरणका लागि आवश्यक उपायहरू पहिल्याउनु आदि उद्देश्यहरू रहेका छन् भनी उल्लेख गरिएको छ । यस अनुसन्धानमा क्षेत्रीय अध्ययन विधिको अवलम्बन गर्दै गोरखा जिल्लाका ६ वटा उच्च मा.वि. का ६० जना विद्यार्थीहरूलाई नमुना सङ्ख्याका रूपमा छनोट गरिएको छ । प्राथमिक स्रोत, द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरी तथ्याङ्कलाई प्रतिशताङ्क, मध्यमान, मानक विचलन जस्ता तथ्याङ्कशास्त्रीय विधिको प्रयोग गरी व्याख्या र विश्लेषण गरेर निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधपत्रमा अनुच्छेदलेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ भने पहिलो भाषी विद्यार्थीहरू

भन्दा दोस्रो भाषी नेपाली, छात्रहरूको तुलनामा छात्राहरूको अनुच्छेदलेखन क्षमता राम्रो रहेको निष्कर्ष प्रस्तुत गरिएको छ ।

सापकोटा (२०६७) द्वारा 'कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको पहिचान गर्नु, उक्त कक्षामा अध्ययनरत निजी र सरकारी विद्यालयका छात्र/छात्राहरू बिच अनुच्छेदलेखनको स्थिति पहिल्याउनु, भाषिक पृष्ठभूमिका आधारमा नेपाली पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरू बिच अनुच्छेदलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, लैङ्गिक आधारमा छात्र/छात्रा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको स्थिति अध्ययन गर्नु, अनुच्छेदलेखन सम्बन्धी कमी कमजोरी पत्ता लगाई सुधारका लागि सुझाव दिनु जस्ता उद्देश्यहरू रहेका छन् । यस शोधकार्यमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । यस शोधकार्यमा संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूमा गरिएको तुलनात्मक अध्ययनअनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता उच्च रहेको देखाइएको छ । यस अध्ययनमा काभ्रे जिल्लाका सामुदायिक र संस्थागत गरी ६ वटा विद्यालयका ५० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । यस अध्ययनमा सामुदायिक विद्यालयका विद्यार्थीहरूले ५१ प्रतिशत अङ्क र संस्थागत विद्यालयका विद्यार्थीहरूले ५९.७५ प्रतिशत अङ्क प्राप्त गरेको कुरा प्रस्तुत गरिएको छ । यसै क्रममा पहिलो भाषीहरूले ५५.८३ प्रतिशत र दोस्रो भाषीहरूले ५२.५ प्रतिशत प्राप्त गरेको निष्कर्ष निकालिएको पाइन्छ । उक्त कमी कमजोरीहरूलाई सुधार गर्नका लागि बुँदागत रूपमाा २० वटा सुझावहरू प्रस्तुत गरिएका छन् । यस अध्ययनले अनुसन्धानलाई उपलब्धिमूलक बनाउन सहयोग पुऱ्याएको छ ।

बोगटी (२०६८) द्वारा 'कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको पहिचान गर्नु, भाषिक भिन्नता, लैङ्गिकताका आधारमा कक्षा सातका विद्यार्थीहरू रहेका छन् । अध्ययनका क्रममा गोरखा जिल्लाका संस्थागत र सामुदायिक ३ वटा गरी जम्मा ६ वटा विद्यालय लिएको पाइएको छ । उक्त

विद्यालयका ९० जना विद्यार्थीहरूलाई छनोट गरी अनुच्छेदलेखन कार्य गराइएको छ । सामग्रीका रूपमा 'समयको महत्त्व' शीर्षकको अनुच्छेदलेखनको प्रयोग गरी तथ्याङ्कीय विधिबाट निष्कर्ष निकालिएको छ । पहिलो भाषी नेपाली भन्दा दोस्रो भाषी विद्यार्थीको अनुच्छेदलेखन क्षमता राम्रो छ भनी देखाइएको छ । साथै छात्रभन्दा छात्राको अनुच्छेदलेखन क्षमता उच्च रहेको र सरकारी भन्दा निजी विद्यालका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता राम्रो रहेको पाइएको छ भनी उल्लेख गरिएको छ । यसमा देखिएका कमी कमजोरीहरूलाई सुधार गर्नका लागि दशवटा बुँदामा सुझावहरू प्रस्तुत गरिएको छ । यसले अनुसन्धानलाई प्रभावकारी बनाउन सहयोग गरेको छ ।

शर्मा (२०७२) द्वारा 'पर्वत जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । यस अध्ययनको उद्देश्य विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता पत्ता लगाउनु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको पहिचान गर्नु, नेपाली भाषी र दोस्रो भाषी विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको पहिचान गर्नु, नेपाली भाषी र दोस्रो भाषी विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमतामा पाइने भिन्नताको तुलनात्मक अध्ययन गर्नु रहेको छ । यस अध्ययनमा पर्वत जिल्लाका चारओटा सामुदायिक र चारओटा संस्थागत विद्यालयका १०/१० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुना छनोट गरी अनुच्छेदलेखन क्षमताको अध्ययन गरिएको छ । यस अध्ययनमा क्षेत्रीय अध्ययन विधिलाई प्रयोग गरिएको छ । संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता राम्रो रहेको पाइयो । नेपाली भाषी विद्यार्थीहरूको तुलनामा दोस्रो भाषी विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता राम्रो रहेको पाइन्छ । नेपाली भाषी र दोस्रो भाषी विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता खासै अन्तर नरहेको पाइयो । समग्रमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको स्थिति सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ । उक्त अध्ययनबाट प्रस्तुत शोधपत्रलाई व्याख्या विश्लेषण गर्न सहयोग पुऱ्याएको छ ।

काफ्ले (२०७२) द्वारा 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । उक्त अध्ययनमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताका आधारमा लैङ्गिकता, आर्थिक पृष्ठभूमि र विद्यालयको प्रकृतिका

आधारमा अनुच्छेदलेखन क्षमताको अध्ययन गरिएको पाइन्छ । यस अध्ययनमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता समग्र सिपगत आधारमा (विषयवस्तुको संयोजन, भाषिक शुद्धता, स्तरअनुरूपता र प्रस्तुतीकरण) मध्यम खालको देखिन्छ । अनुच्छेदलेखन क्षमताको अध्ययनका क्रममा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको लेखन क्षमता राम्रो भएको पाइयो । भाषिक पृष्ठभूमिका आधारमा नेपाली पहिलोभाषी र दोस्रोभाषी विद्यार्थीहरूको तुलनामा पहिलोभाषी नेपाली विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता उच्च रहेको पाइयो । लैङ्गिकताका आधारमा हेर्दा छात्रहरूको तुलनामा छात्राहरूको अनुच्छेदलेखन क्षमता राम्रो रहेको पाइयो । प्रस्तुत शोधकार्यका लागि पनि यो उपयोगी नै मानिएको छ ।

भण्डारी (२०७२) द्वारा 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन' नामक शोधपत्र तयार पारिएको छ । उक्त अध्ययनमा बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता पत्ता लगाउनु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको पहिचान गर्नु, छात्र र छात्राको अनुच्छेदलेखन क्षमताको तुलना गर्नु आदि उद्देश्य रहेका छन् । यस अध्ययनमा बझाङ जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका ८० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । समग्रमा हेर्दा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीको अनुच्छेदलेखन क्षमता राम्रो देखिएको निष्कर्ष निकालिएको छ । छात्राको तुलनामा छात्रहरूको अनुच्छेदलेखन क्षमता राम्रो र समग्र विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । उक्त अध्ययनले अनुसन्धानलाई उपलब्धिमूलक बनाउन सहयोग पुऱ्याएको छ ।

न्यौपाने (२०७३) द्वारा 'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको पहिचान गर्नु, विद्यालयको प्रकृति, लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा अनुच्छेदलेखन क्षमताको तुलनात्मक विश्लेषण गर्नु उद्देश्य रहेको छ । जसमा ३ वटा सामुदायिक र ३ संस्थागत विद्यालयका ९० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । गणितीय तथ्याङ्कका आधारमा ४७.९ प्रतिशत अङ्क प्राप्त गर्नु मध्यम

खालको स्थिति देखिएको निष्कर्ष निकालिएको छ । यसअन्तर्गत संस्थागत विद्यालयका तुलनामा सरकारी विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता राम्रो रहेको तथ्य प्रस्तुत गरिएको छ । छात्रहरूको तुलनामा छात्राहरूको अनुच्छेदलेखन क्षमता राम्रो र समग्र विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ । अध्ययनका क्रममा देखिएका कमी कमजोरी निराकरणका लागि बुँदागत रूपमा १० वटा सुझावहरू प्रस्तुत गरिएको छ । यस अध्ययनले शोधकार्यलाई उद्देश्यमूलक बनाउन सहयोग पुऱ्याएको छ ।

शोधपत्रको अध्ययन गर्दा सबै शाोधकार्यका अनुच्छेदलेखन क्षमता पत्ता लगाउनु सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षामताको पहिचान गर्नु, छात्र र छात्राको अनुच्छेदलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु जस्ता उद्देश्यहरू पूर्वकार्य समीक्षामा अनुसन्धान गरिएको पाइन्छ । तापनि विस्तृत र गहन रूपमा भने भएको पाइँदैन । विविध क्षेत्रमा अध्ययन अनुसन्धान भए तापनि निबन्ध तथा कथा लेखनको महत्त्वपूर्ण आधारको रूपमा रहेको अनुच्छेदसम्बन्धी अध्ययन हालसम्म कम मात्रामा भएको देखिन्छ । प्रस्तुत पूर्वकार्यको समीक्षामा लिइएका शोधपत्रले सम्बद्ध शोधकार्यमा सैद्धान्तिक आधार, शोधपत्रको स्वरूप, व्याख्या, विश्लेषण, निष्कर्ष र सारांशमा महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ ।

## २.२ सैद्धान्तिक परिचय

कुनै शीर्षकमा निहित भावलाई स्वतन्त्र रूपमा सङ्क्षिप्त विस्तार गर्नु अनुच्छेदलेखन हो । यसलाई लेखाइ/लेखनकलाको महत्त्वपूर्ण कार्यकलाप मान्न सकिन्छ । यसको आकार प्रकार विद्यार्थीको अनुभव सङ्गठन गर्ने क्षमतासँग सम्बन्धित हुन्छ । जति माथिल्ला कक्षामा गयो उति यसको आकार बढ्दै जान्छ । अभिव्यक्तिगत सङ्क्षिप्तता र गहनता नै यसको विशेषता हो । यसलाई विभिन्न शैलीमा लेख्न सकिन्छ; जस्तै आख्यानात्मक, वर्णनात्मक, विवरणात्मक, वस्तुपरक, आत्मपरक, भावात्मक, विश्लेषणात्मक, आलङ्कारिक, तार्किक आदि (पौडेल, २०७३ : १५०) ।

भाव वा विचारको समष्टिगत अभिव्यक्ति भएका वाक्यहरूको समूहलाई अनुच्छेद भनिन्छ । अनुच्छेदलेखन वाक्यभन्दा माथिल्लो र सङ्कथनभन्दा तल्लो भाषिक एकाइ मानिन्छ । कुनै विषयका बारेमा एक प्रवाहमा संरचित विचार अनुच्छेदमा समेटिन्छ । तसर्थ यो सङ्क्षिप्त, स्पष्ट र पूर्ण हुन्छ । कुनै विषय शीर्षकमा रही त्यससँग सम्बन्धित विषयवस्तुलाई सङ्क्षिप्त सङ्गठित रूपमा एउटा अनुच्छेदमा प्रस्तुत गर्नु अनुच्छेदलेखन हो । यसमा शीर्षकलाई विस्तार गरिन्छ । केवल एक अनुच्छेदमा; त्यसैले यो स्वतन्त्र, सङ्क्षिप्त र मौलिक हुने गर्दछ । स्वतन्त्र लेख्य अभिव्यक्ति शिल्पको विकासका आधारका रूपमा अनुच्छेदलेखनलाई लिन सकिन्छ । अनुच्छेदलेखन सूत्रात्मक अभिव्यक्ति क्षमताका साथै गहन र मौलिक विचार प्रकट गर्ने क्षमताको विकासमा सहयोगी हुन्छ । यसबाट जुनसुकै विषयमा स्वतन्त्र र मौलिक किसिमको चिन्तन मनन गर्ने क्षमता बढ्छ । त्यसैले विद्यार्थीहरूका लागि अनुच्छेदलेखन रचना शिल्प क्षमता वृद्धि र परिष्कार गर्ने प्रमुख आधार मानिन्छ । अनुच्छेदलाई सारगर्भिता तथा सङ्क्षिप्त निबन्ध पनि मान्न सकिन्छ । तापनि निबन्ध र अनुच्छेदमा मौलिक अन्तर रहेको छ । निबन्धमा कुनै एउटा विषयका पक्ष, विपक्ष र त्यसका विविध पक्षहरूको समावेश हुन्छ । अनुच्छेदमा विषयको सीमित पक्षहरूको सङ्क्षेपमा वर्णन गरिएको हुन्छ (दाहाल, २०७२ : १८०)।

मिल्दाजुल्दा वाक्यहरूको समूह हो, जसमा प्रयोग भएका वाक्यहरूमा कुनै एक वा मुख्य विचार प्रस्तुत भएको हुन्छ र मुख्य विचारमाथि प्रकाश पार्ने वाक्यहरूका बिचको सुसङ्गत विन्यास हुन्छ । अनुच्छेदमा वाक्यहरू कुनै मालामा फूल उनिए जस्तै गरी तार्किक सम्बन्धका आधारमा उनिएका हुन्छन् । तार्किक रूपमा अभिभाज्य तथा व्यवस्थित रूपमा एकीकृत भएका वाक्यहरूको समूहलाई वा तार्किक अवधारणाबाट अन्तरसम्बद्ध एकाइलाई नै अनुच्छेद भनिन्छ । आख्यानात्मक, वर्णनात्मक, अन्तरसंवादात्मक, तुलनामूलक, व्यतिरेकी वा वाक्यात्मक सूचना दिने खालका सबै अनुच्छेदमा तार्किक रूपमा वाक्यहरूका बिचको अन्तरसम्बन्ध स्थापित भएको हुन्छ (गौतम र अन्य, २०६२ : ४०८) ।

लेखनमा अनुच्छेदलाई वाक्यभन्दा ठूलो वा माथिल्लो संरचना मानिन्छ । प्रायः अनुच्छेद स्वयम्मा स्वतन्त्र रचना नभई कुनै ठूलो रचना वा कृतिको एउटा अंश हुन्छ । साामान्यतः प्रत्येक कृति अनुच्छेद अनुच्छेद मिलेर बनेको देखिन्छ ।

अनुच्छेद सानो भए पनि आफैँमा पूर्ण हुन्छ । यसको सुरुमा आदि भाग हुन्छ, जसले शीर्षकको विषयलाई परिचित गराउँछ । यस भागको एक वा दुई वाक्यमा गरिन्छ । आदिभन्दा पछाडिको भागमा विषयलाई विस्तार गरी शैलीअनुसार त्यसको विवेचना गरिन्छ । अनुच्छेदको अन्त्यमा उपसंहार भाग हुन्छ, जसमा निष्कर्ष प्रस्तुत गरिएको हुन्छ । यसरी हेर्दा अनुच्छेदको रचना सन्तुलित र क्रमबद्ध ढङ्गमा गरिएको हुन्छ (बराल र एटम, २०६६ : १६२) ।

कमभन्दा कम वाक्यहरूको समूहबाट केही कुरा व्यक्त गरिएको आलेख/आलेखको सबैभन्दा तल्लो कोटि; कुण्डिका : अभिव्यक्त खण्ड; प्यारागाफ, कानुनको दफा, लेखलाई समेत अनुच्छेदको रूपमा लिइन्छ ।

अनुच्छेद भनेको कुनै विषयमा आधारित विचार वा भावको अनेक वाक्यको अभिव्यक्तिहो । अनुच्छेदलेखनमा तयार पारिने अनुच्छेद एकै अनुच्छेदव्यापी रचना मानिन्छ । यसैले अनुच्छेदलेखनमा एउटा वाक्य र अर्को वाक्यका बिचमा सम्बन्ध स्थापना गर्दै भाव वा विचारको एउटामा जोड दिइन्छ । कुनै निबन्ध, रचना आदि अनेक भाव वा विचारको अनुच्छेदबाट नै तयार गरिएको हुन्छ (लम्साल र अन्य, २०५७ : ४४) ।

## २.२.१ अनुच्छेदको परिभाषा

नेपाली बृहत् शब्दकोशकाअनुसार कमभन्दा कम वाक्यहरूको समूहबाट केही व्यक्त गरिएको आलेख अनुच्छेद हो । यो आलेखको सबैभन्दा तल्लो कोटि वा अभिव्यक्ति खण्ड हो । यसले कुनै लेखमध्ये कुनै एकलाई प्रतिनिधित्व गर्दछ भनिएको छ ।

बालचन्द्र शर्माका अनुसार कुनै ग्रन्थमा परिच्छेदभित्रको सानो खण्ड वा उपपरिच्छेदलाई अनुच्छेद भनिन्छ । यसलाई पुस्तक वा लेखमा एक–एक बुँदा वा विचार छुट्याएर लेखेको वा प्रवर्द्धन वा उपदफा पनि भनिन्छ भनी परिभाषित गरिएको छ ।

तार्किकरूपमा अभिभाज्य तथा व्यवस्थित रूपमा एकीकृत भएका वाक्यहरूको समूहलाई वा तार्किक अवधारणालाई अन्तरसम्बद्ध एकाइलाई नै अनुच्छेद भनिन्छ भनी गौतम र अन्यले परिभाषा दिएका छन् ।

कुनै लेख वा रचनाको एक खण्ड जुन अर्को खण्डबाट ठाउँ छोडाइका आधारमा छुट्टिएको हुन्छ । गद्य अभिव्यक्तिको एक खण्डलाई अनुच्छेद भनिन्छ भनी प्रयोगात्मक नेपाली शब्दकोशमा प्रस्तुत गरिएको छ ।

## २.२.२ अनुच्छेदका प्रकार

अनुच्छेदका प्रकारहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### २.२.२.१. आत्मपरक अनुच्छेद

कुनै विषय वा शीर्षकमा आफ्ना विचारलाई निजात्मक शैलीको माध्यमबाट लेखकीय व्यक्तित्वले भरिएको आत्मनिष्ठ अनुच्छेदलाई आत्मपरक अनुच्छेद भनिन्छ ( बराल र एटम, २०६६) ।

### २.२.२.२ वस्तुपरक अनुच्छेद

कुनै विषय वा शीर्षकलाई नै केन्द्र बनाई त्यससँग सम्बन्धित वास्तविक सत्यतथ्य वर्णन गरिने अनुच्छेदलाई वस्तुपरक अनुच्छेद भनिन्छ ।

### २.२.२.३ आख्यानात्मक अनुच्छेद

यो कथनात्मक शृङ्खलाले भरिएको किस्साले युक्त अनुच्छेद हो ।

### २.२.२.४ तार्किक अनुच्छेद

कुनै विषय शीर्षकको कुनै एक पक्षमा पाठकलाई सहमत/असहमत तुल्याउन तर्कहरू प्रस्तुत गरिएको लेखनलाई तार्किक अनुच्छेद भनिन्छ । तर्कलाई प्रस्तुत गरिएको लेखनलाई तार्किक अनुच्छेद भनिन्छ । तर्कलाई पुष्टि गरी रचिएको अनुच्छेदलाई तार्किक अनुच्छेद भनिन्छ (ज्ञवाली र भट्टराई, २०६० : १२८) ।

### २.२.२.५ भावनात्मक अनुच्छेद

लेखनमा संलग्न व्यक्तिका मनका भावनालाई केन्द्रबिन्दु बनाएर कल्पना स्वरूप (काल्पनिक रूपमा) लेखिएको अनुच्छेदलाई भावपरक अनुच्छेद भनिन्छ ।

#### २.२.२.६ विश्लेषणात्मक अनुच्छेद

सबल र दुर्बल पक्षलाई चिरफार खोतलखातल गरी तथ्यपूर्ण व्याख्या विश्लेषण गरी निष्कर्ष निकाल्ने काम यस्ता प्रकारका अनुच्छेदबाट गरिन्छ ।

#### २.२.२.७ आलङ्कारिक अनुच्छेद

कुनै पनि विषयवस्तुमा विभिन्न आलङ्कारिक शब्दहरूको प्रयोग गरी घुमाउरो ढङ्गबाट प्रस्तुत गरिएको चमत्कारपूर्ण वर्णन तथा कथनले भरिपूर्ण अभिव्यक्तिलाई आलङ्कारिक अनुच्छेद भनिन्छ (बराल र एटम, २०६६) ।

#### २.२.२.८ व्यङ्ग्यात्मक अनुच्छेद

कुनै विषयवस्तु, प्रवृत्ति, शीर्षकप्रति व्यङ्ग्य गरी लेखिएको अनुच्छेद व्यङ्ग्यात्मक अनुच्छेद हो (बराल र एटम, २०६६) ।

### २.२.३ अनुच्छेद लेखनका चरण

अनुच्छेदलेखनका विभिन्न चरणहरू रहेका छन्, जसलाई निम्नानुसार रहेका छन् :

#### २.२.३.१ प्रारम्भिक भाग

अनुच्छेदको प्रारम्भिक भागमा शीर्ष वाक्य रहेको हुन्छ । शीर्ष वाक्य भनेको अनुच्छेदको मुख्य विचारको सारांशीकरण हो । शीर्ष वाक्यअन्तर्गत मुख्य विचार आउँछ । यसलाई नियन्त्रित विचार पनि भन्ने गरिन्छ (गौतम, २०६२ : ४०९) ।

#### २.२.३.२ मुख्य भाग

परिचय भागभन्दा पछिल्लो भाग अनुच्छेदको मुख्य भाग हो । यसमा शीर्ष वाक्यका सहयोगी वाक्यहरूको प्रयोग भएको हुन्छ । शीर्ष वाक्यले सामान्य विचार मात्र प्रस्तुत गरेको हुन्छ भने उक्त विचारलाई स्पष्ट पार्न त्यसको विस्तार आवश्यकता पर्दछ । यस भागमा आवश्यकताअनुसार थुप्रै वाक्यहरू रहन सक्छन् (गौतम, २०६२ : ४०८)।

### २.२.३.३ अन्तिम भाग

यो अन्तिम खण्ड हो । यसमा अनुच्छेदमा दिइएका सूचना वा नियन्त्रित विचारहरूका बिचको सम्बन्धको सारांशीकरण गरिएको हुन्छ । यसमा अनुच्छेदको मुख्य विचारको पुनस्थापना वा पुनः यो प्रस्तोताको तर्क वा विचारको संश्लेषण हो । यसमा अनुच्छेदमा उल्लेख गरिएको विचार महत्त्वपूर्ण वा उल्लेखनीय छ भन्ने बारेमा दिशा निर्देशन गरिएको हुन्छ । यो पाठकलाई आफ्नो कथनको सार वा मुख्य बुँदाको स्मरण गराएर अन्त गर्न सकिन्छ । अन्तिम भाग वा सारांश मात्र होइन । यसमा शीर्षक तथा सार कथनको महत्त्वपूर्ण उल्लेख समेत गरिएको हुन्छ (गौतम र अन्य, २०६२ : ४०९) ।

## २.२.४ अनुच्छेदलेखनको विधि र प्रक्रिया

तोकिएको शीर्षक वा विषयबारे तोकिएकै प्रकारमा अनुच्छेदलेखन गर्नु सामान्यतः निम्नलिखित विधि र प्रक्रिया अँगालिन्छ :

### २.२.४.१ शीर्षक चयन

अनुच्छेदलेखनका लागि कुनै शीर्षक वा विषय छान्ने । छानिएको शीर्षक वा विषयबारे आफ्नो जानकारी हुनुपर्ने । छनोटको यस कार्यबाट शीर्षक वा विषयको निर्धारण हुने ।

### २.२.४.२ सामग्री सङ्कलन

शीर्षक वा विषयबारे राम्रो चिन्तन मनन गर्ने । आफ्नो ज्ञान र सम्झनाको उपयोग गरी मनमनै बुँदा खोतल्ने र लेखनका लागि आवश्यक पर्ने जति बुँदाको चयन गर्ने । चयन गरिएका बुँदा एकत्रित गर्दा सामग्री सङ्कलन हुने ।

### २.२.४.३ सङ्गठन

चयन गरिएको बुँदाहरू टिपी एकपटक शीर्षकसँग भिडाएर हेर्ने र तिनको वितरण आदि, मध्य र अन्त्य भागमा गर्ने ।

### २.२.४.४ खेस्रालेखन

सङ्गठित बुँदाहरू आत्मपरक, वस्तुपरक जुन प्रकारमा लेख्नु छ, त्यसप्रकारमा बुँदापिच्छे एक/एक वाक्य लेखी खेस्रा तयार गर्ने ।

### २.२.४.५ परिमार्जन र परिष्कार

खेस्राको संशोधन र परिमार्जन गरी क्रमबद्धता पनि मिलाउने ।

### २.२.४.६ साफी

शुद्ध, स्पष्ट र प्रवाहपूर्ण भाषाको प्रयोग गरी परिष्कार गर्ने र अन्तिम रूपको साफी गर्ने ।

अनुच्छेदलेखनका क्रममा सर्वप्रथम प्रस्तुत शीर्षकसँग सम्बन्धित विषयवस्तुलाई राम्रोसँग ठम्याउने र सम्बन्धित बुँदाहरू सम्झने वा लेख्ने गर्नुपर्दछ । सम्बन्धित बुँदाहरू लेखन कार्यपछि सङ्कलन गरिएका बुँदाहरूलाई आदि, मध्य र अन्त्य कहाँ राख्ने हो निश्चित गरी विषय प्रस्तुतीकरणका लागि उपयुक्त शैली चयन गर्नुपर्दछ । चयन गरिएको विषयवस्तुलाई निर्धारित गरिएको शैलीअनुसार विस्तार गर्नुपर्दछ । परिष्कार र परिमार्जनगरी साफी लेखन गरेर उपयुक्त शीर्षक राख्नुपर्दछ । अनुच्छेदको पहिलो वाक्य लेख्दा शब्द अट्ने ठाउँ (पाँच स्पेस) राखेर सुरु गर्नुपर्दछ र वर्णन जहाँ सकिन्छ, त्यही अन्त्य गरिनुपर्दछ (ज्ञवाली र भट्टराई, २०६० : १२८) ।

## २.२.५ अनुच्छेद लेख्ने तरिका

अनुच्छेदलेखनका तरिकालाई एटम र बराल (२०६६) का अनुसार निम्नानुसार प्रस्तुत गरिएको छ :

प्रस्तुत शीर्षकसँग सम्बन्धित विषयवस्तुलाई राम्रोसँग ठम्याउने र त्यसका बुँदाहरू सम्झने वा लेख्ने, सङ्कलन गरिएका बुँदाहरूलाई आदि, मध्य र अन्त्य कहाँ कहाँ राख्ने भनी निश्चित गर्ने, सबैभन्दा माथि शीर्षक राखेर केवल एक अनुच्छेद मात्र लेख्ने, अनुच्छेदलेखनका क्रममा निर्देशित शैलीलाई अपनाउने, लेखनलाई क्रमबद्ध र पूर्ण बनाउने (बराल र एटम, २०६६ : १६३) ।

## २.२.६. अनुच्छेदलखनको प्रयोजन

हरेक अध्ययन अनुसन्धानको आ–आफ्नै प्रयोजन भएजस्तै अनुच्छेदलेखनको पनि आफ्नै प्रयोजन रहेको पाइन्छ । भाषा शिक्षण भनेको भाषाको शिक्षण नभएर भाषिक सिपहरूको शिक्षण हो । यी चारै सिपअन्तर्गत लेखाइ सिपको विकास गर्न उत्कृष्ट रूप दिन यसको आफ्नै प्रयोजन रहेको छ । अनुच्छेदलेखनका मुख्य प्रयोजनअन्तर्गत कुनै शीर्षकमा गहन रूपले चिन्तन मनन गर्ने क्षमताको विकास गर्नु, अनुभव गरेका विचारहरूलाई सङ्गठित रूपले सिर्जनात्मक ढङ्गले प्रस्तुत गर्नु, लेखाइ सिप विकासमा शुद्धता, स्तरीयता, स्पष्टता र उपयुक्तता ल्याउन मद्दत गर्नु, व्याकरणात्मक र वर्णविन्यासगत त्रुटिहरूको निराकरणमा सहयोग पुऱ्याउनु रहेका छन् ।

## २.२.७ लेखाइ सिप र अनुच्छेदलेखन

भाषाका चारवटा सिपहरूमध्ये लेखाइ सिपलाई महत्त्वपूर्ण सिपका रूपमा लिइन्छ । आफूले पढेका, सुनेका, अनुभव गरेका कुराहरू क्रमिक र व्यवस्थित रूपमा प्रस्तुत गर्ने काम लेखाइ सिपबाट मात्र सम्भव छ । लेखाइ सिपको माध्यमबाट कुनै पनि व्यक्तिले आफूले अनुभव गरेका, सिकेका कुराहरूलाई अरुसमक्ष प्रस्तुत गर्न, ती कुराहरूलाई सम्झनामा राखी र भविष्यमा आफू र अरुका लागि समेत उपयोगी बनाउन लेखनकलाले मद्दत गर्ने भएकाले अनुच्छेदलेखन गर्दा लेखाइ सिप सम्बन्धित रहेको पाइन्छ । अनुच्छेदलेखनले आफूले सिकेका ज्ञान, सिपलाई लामो समयसम्म सुरक्षित राख्न

सहयोग पुऱ्याउँछ । मौलिकता, सृजनशीलता, मितव्ययिता, स्पष्टता जस्ता पक्षमा विकास गर्छ । लिखित भाषा स्थायी किसिमको हुन्छ । यसमा स्थान र समयको सीमा हुँदैन । लेखनकला समग्र शिक्षण सिकाइको व्यक्तित्व विकासको महत्त्वपूर्ण अङ्ग पनि हो । टिपोट गर्न, व्याख्या र स्पष्टीकरण गर्न आफूले आर्जन गरेका ज्ञानलाई पुनः उपयोग गर्न अथवा भाषामा पुनः सङ्गठित गर्न, सम्पूर्ण कार्यमा लेखनकै संलग्नता रहन्छ । त्यसैगरी पठित कुराको सारांश उतार्न, लेखेर वर्णन एवम् छलफल गर्न, मूल्याङ्कन गर्न र समीक्षा गर्न पनि लेखनकलाको आवश्यकता छ ।

समग्रमा भन्नुपर्दा कुनै पनि विषयवस्तुका बारेमा लेखिएको वाक्यभन्दा माथिल्लो र परिच्छेदभन्दा तल्लो एकाइ अनुच्छेद हो । यसलाई सङ्कथन वा पाठको अङ्ग वा स्वरूपका रूपमा लिइन्छ । अर्को शब्दमा भन्नुपर्दा अनुच्छेद कुनै विषयमा आधारित विचार वा भावको एकाधिक वाक्यमा प्रस्तुत अभिव्यक्ति हो । यसलाई एकै अनुच्छेद व्यापी रचना मानिन्छ । यसमा वाक्येत्तर अन्तर्सम्बन्ध स्थापना गरी भाव वा विचारको एक तत्त्वमा जोड दिएको हुन्छ । अनुच्छेदमा लेखकका भाव वा विचार प्रस्तुत गरिएका हुन्छन् । जसको प्रत्यक्ष सम्बन्ध लेखाइ सिपसँग हुन्छ ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

अनुसन्धान कार्यलाई उद्देश्यमूलक र उपलब्धीमूलक ढङ्गले सम्पन्न गर्नका लागि उपयोग गरिने तौरतरिका वा पद्धतिलाई नै अध्ययन विधि र प्रक्रिया भनिन्छ । सो विधि र प्रक्रियालाई निम्नानुसार चर्चा गरिएको छ :

## ३.१ अध्ययन विधि

अनुसन्धान कार्यमा विधि एक महत्त्वपूर्ण अङ्गका रूपमा रहेको हुन्छ । कुनै पनि व्यवस्थित कार्यका लागि आ–आफ्नो विधि र प्रक्रियाहरू रहेका हुन्छन् । शोधकार्य पनि एउटा व्यवस्थित कार्य भएकाले यसका पनि आफ्नै विधिहरू रहेका छन् । शोधकार्यको सुरुदेखि अन्त्यसम्म गरिने कार्य र ती कार्यका लागि आवश्यक विधिहरूको उल्लेख शोधविधिमा नै गर्नुपर्ने हुन्छ । जुनसुकै लेखन सिर्जनाका लागि पनि आ–आफ्नै ढाँचा एवम् संरचना रहेको हुन्छ । निश्चित योजनाविना अध्ययन अनुसन्धानको कार्य पूर्ण हुन सक्दैन । त्यसैले अध्ययन अनुसन्धान गर्नका लागि सिप क्षमताको अध्ययन ढाँचा र संरचना हुनुपर्छ । तसर्थ प्रस्तुत अध्ययनमा अनुच्छेदलेखन सिप क्षमताको अध्ययन शीर्षक सम्बन्धित क्षेत्रमा पुगेर क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूमध्ये जनसङ्ख्या प्रतिनिधि नमुना छनोट गरी जम्मा १० ओटा विद्यालयका १०० जना विद्यार्थीहरूमा यो अध्ययन सीमित रहेको छ । विद्यार्थीहरूसँगको प्रत्यक्ष सहभागितामा अनुच्छेदलेखन कार्य गराई उक्त कार्यबाट आएको परिणामलाई तुलनात्मक रूपमा छलफल गर्दै व्याख्या गरेर स्तर पहिचान गरिएको छ । विद्यालयका शिक्षक तथा विषय विशेषज्ञको सल्लाह सुझाव मनन गरी विधि र प्रक्रिया प्रयोग गरिएको छ ।

## ३.२ अध्ययन प्रक्रिया

प्रस्तुत शीर्षकको शोधकार्यका लागि निम्नानुसारका प्रक्रियाहरू अपनाइएको छ :

## ३.२.१ जनसङ्ख्या र नमुना छनोट

शैक्षिक सत्र २०७४ मा अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ । उक्त जनसङ्ख्याबाट अर्घाखाँची जिल्लामा पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत ५० छात्र र ५० छात्रा पर्ने गरी जम्मा १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुना छनोट गरिएको छ ।

## ३.२.२ सामग्री निर्माण

क्षेत्रीय अध्ययनको क्रममा तथ्याङ्क सङ्कलनका लागि सामग्रीको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । प्रस्तुत शोधपत्र मूलतः कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूलाई अनुच्छेद लेख्न दिइएको शीर्षक र प्राप्त तथ्याङ्कका आधारमा तयार गरिने भएकाले सर्वप्रथम अनुच्छेदलेखनको शीर्षक तय गरिएको छ । अनुसन्धानलाई वैध, प्रमाणिक र विश्वसनीय बनाउन प्रयोग गरिने सामग्रीलाई वैज्ञानिक र व्यवस्थित ढङ्गले सङ्कलन गरिएका हुन्छन् । कुनै पनि अनुसन्धानको प्रकृतिअनुसार सामग्री निर्माण गरिनुपर्दछ । प्रस्तुत अध्ययनको प्रकृति विद्यार्थीको लेखनकला परीक्षण गरी तथ्य सङ्कलन गर्नु रहेकाले सोहीअनुरूप सामग्री सङ्कलन गरिएको छ  जसमा विद्यार्थीको बौद्धिकताले व्यापक क्षेत्र ओगटेको हुन्छ । प्रस्तुत अध्ययनमा सामग्री निर्माण गर्दा अध्ययनको उद्देश्य परिपूर्ति हुने गरी अध्ययनलाई शुद्धता, विश्वसनीयता, वैधता प्रदान गर्नका लागि प्राथमिक र द्वितीयक स्रोत सामग्री निर्माण गरी अध्ययन गरिएको छ :

### ३.२.२.१ प्राथमिक स्रोत

प्रस्तुत अध्ययनका क्रममा सामग्री सङ्कलन गर्दा अध्ययनको उद्देश्य परिपूर्ति गर्न र यथार्थपरक परिणाम दिने विषय जरुरी भएकाले प्राथमिक स्रोत सामग्री निर्माण गरी अनुसन्धान गरिएको छ । प्राथमिक स्रोत सामग्री निर्माण गर्ने क्रममा दुई अनुच्छेद

लेखनका शीर्षक र शीर्षकसम्बद्ध लेखिएका अनुच्छेदलाई प्राथमिक स्रोत सामग्रीका रूपमा लिइएको छ ।

### ३.२.२..२ द्वितीयक स्रोत

प्रस्तुत अध्ययनका क्रममा सामग्री सङ्कलन गर्दा अध्ययनको उद्देश्य परिपूर्ति गर्न र यथार्थपरक परिणाम दिने विषय जरुरी भएकाले द्वितीयक स्रोतको सामग्री निर्माण गरी अनुसन्धान गरिएको छ । द्वितीयक स्रोतका रूपमा पाठ्यसामग्री, शोधपत्र, सन्दर्भपुस्तकहरू, विज्ञका सुझाव, शोध निर्देशकको परामर्श आदिलाई लिइएको छ ।

## ३.२.३ मानकीकरण

क्षेत्रीय अध्ययनको क्रममा तथ्याङ्क सङ्कलनका लागि सामग्रीको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । प्रस्तुत शोधकार्यकासामग्री निर्माण गर्ने क्रममा समसामयिक विषयलाई शीर्षकको रूपमा लिइएको छ । अर्घाखाँची जिल्लाका १० ओटा विद्यालयमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा छनोट गरिएको छ । सबै विद्यार्थीहरूमा अध्ययन गर्न सम्भव नहुँदा नमुना छनोटका रूपमा प्रत्येक विद्यालयका १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीलाई लिइएको छ ।

## ३.२.४ पूर्व परीक्षण

प्रस्तुत अध्ययनका लागि छनोट गरिएका प्रतिनिधि विद्यालयमध्ये गंगा आधारभूत मा.वि.का १० जना विद्यार्थीलाई 'विद्यार्थी जीवनमा अनुशासनको महत्त्व' र 'नारी शिक्षा आजको आवश्यकता' शीर्षकमा अनुच्छेद लेख्न लगाइएको छ । अनुच्छेदलेखन कार्यपछि परीक्षण गरी प्रस्तुत शीर्षक कक्षा आठका विद्यार्थीहरूका लागि स्तरयुक्त छन् वा छैनन् भनी निक्यौल गरी उपयुक्त शीर्षक छनोट गरी अनुच्छेदलेखनका लागि तयार गरिएको छ ।

### ३.२.५ परीक्षण कार्यान्वयन

प्रस्तुत शोधका लागि परीक्षण सामग्रीलाई अन्तिम रूप प्रदान गरिएको छ । विद्यार्थीहरूलाई दुई शीर्षक दिई अनुच्छेदलेखन गराइएको छ । विद्यार्थीहरूलाई स्वच्छ, शान्त एवम् भयरहित वातावरण निर्माण गरी परीक्षा सञ्चालन गरिएको छ । पूर्व परीक्षणबाट प्राप्त अङ्कलाई गोप्य राखी परीक्षा सञ्चालनका क्रममा विद्यार्थीले पालन गर्नुपर्ने नियम, समय जानकारी गराइएको छ । विद्यार्थीहरूलाई उत्तरपुस्तिका र प्रश्नपत्र दिई अनुच्छेद लेख्न लगाइएको छ र समय सकिएपछि उत्तरपुस्तिका सङ्कलन गरिएको छ । विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता परीक्षणका लागि निम्नानुसार अङ्क विभाजन गरिएको छ र यसलाई तालिकामा यसरी प्रस्तुत गरिएको छ :

| क्र.सं. | परीक्षण गर्ने आधार | पूर्णाङ्क |
|---|---|---|
| १. | विषयवस्तुको आधार | ८ |
| २. | संरचना | ४ |
| ३. | भाषाशैली | ४ |
| ४. | वर्णविन्यास | ४ |
| | जम्मा | २० |

## ३.३ तथ्याङ्कको विश्लेषण

अनुसन्धान कार्य एकल प्रयासबाट मात्र सम्भव हुन सक्दैन । यसका लागि विभिन्न व्यक्ति तथा संघ संस्थाको पनि सहयोग लिइएको छ । त्यसैले अनुसन्धानलाई अगाडि बढाउनका लागि गुरुवर्गहरूको पनि सहयोग लिइएको छ । उल्लिखित विधिद्वारा सामग्री सङ्कलन गरी सकेपछि विद्यार्थीको अनुच्छेदलेखन क्षमता कस्तो रह्यो भनी प्रतिशतमा रूपान्तरण गरी प्रतिशतका आधारमा तुलनात्मक रूपमा व्याख्या तथा विश्लेषण गरिएको छ । यसका साथै सामुदायिक र संस्थागत विद्यालयको छुट्टै तुलनात्मक विश्लेषण गरिएको छ । व्याख्या तथा विश्लेषणका लागि विश्लेषणात्मक, वर्णनात्मक,

छलफल, पुस्तकालयीय अध्ययनको उपयोग गरिएको छ । प्रस्तुत शोधकार्य अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूमा केन्द्रित रहेको हुँदा अर्घाखाँची जिल्लाका सम्बन्धित विद्यालयमा गएर विद्यार्थीहरूलाई दुई शीर्षकमा अनुच्छेद लेख्न लगाइएको छ । यस अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा सबल र दुर्बल पक्ष केलाई सुझाव समेत प्रस्तुत गरिएको छ । निर्धारित समय अवधिमा लेखिएका उत्तरहरू सङ्कलन गरी परीक्षणका छुट्याइएको आधारमा परीक्षण गरी तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधकार्यलाई विषयवस्तु, संरचना, भाषाशैली, वर्णविन्यासका आधारमा अङ्कन गरी तथ्याङ्कको व्याख्या विश्लेषण गरी शोधकार्यको सारांश र निष्कर्ष निकालिएको छ । यसरी प्रतिनिधि नमुना छनोटपश्चात् आवश्यक तथ्याङ्क सङ्कलन गरी विभिन्न आधारमा व्याख्या परिणामलाई छलफल गरेर तुलनात्मक विश्लेषण गरी निष्कर्ष तथा सुझाव र उपयोगिता समेत प्रस्तुत गरिएको छ ।

# अध्याय चार

# समग्रताका आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता

## ४.१ अनुच्छेदलेखन क्षमताको अध्ययन

आधारभूत तहको महत्त्वपूर्ण कक्षा र अन्तिम कक्षाको रूपमा कक्षा आठ रहेको छ । यस तहको कक्षाको स्तरअनुरूप विद्यार्थीले हासिल गर्नुपर्ने भाषिक सिप विकासका लागि पाठ्यक्रमले विभिन्न उद्देश्यहरू निर्धारण गरेको छ । भाषाका चारवटा सिपहरूमध्ये लेखाइ सिपले विद्यार्थीहरूले गरेको ज्ञान, अनुभवका साथसाथै सिर्जनात्मक क्षमता प्रस्तुत गर्न सहयोग गर्दछ । विद्यार्थीहरूको लेखन क्षमताको स्तर वृद्धि गर्न लेखाइ सिपले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । हरेक तह र कक्षाको स्तरअनुसार अनुच्छेदलेखन कार्य गराएर सिप विकास गर्नु आफैँमा एक महत्त्वपूर्ण कार्य हो । यस शोधकार्यमा लेखनको पर्याप्त विकास र विस्तार गर्न सम्बन्धित तहका विद्यार्थीहरूको वास्तविकता पत्ता लगाउने कोसिस गरिएको छ । विद्यार्थीहरूले तोकिएको विषयमा आफूले जाने बुझेका, पढेका सुनेका कुराहरूलाई व्यक्त गर्न लगाइएको छ । विद्यार्थीहरूले व्यक्त गरेका कुराहरूलाई विभिन्न आधारमा पहिचान गरी परिणाम छलफल र व्याख्या विश्लेषण गरी अध्ययनलाई अगाडि बढाउने प्रयास गरिएको छ ।

यस अध्ययनमा अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता पहिचान गर्ने उद्देश्य राखिएको छ । अर्घाखाँची जिल्लाभित्रका १० वटा विद्यालयका (पाँच संस्थागत र पाँच सामुदायिक) जना विद्यार्थीहरूमा यो अध्ययन केन्द्रित रहेको छ र १०० जना विद्यार्थीहरूबाट प्राप्त सामग्रीलाई विभिन्न कोणबाट व्याख्या विश्लेषण र छलफल गरिएको छ । यसरी व्याख्या विश्लेषण गर्दा विषयवस्तु, संरचना, वर्णविन्यास, भाषाशैली जस्ता तत्त्वलाई आधार मानेर विश्लेषण गरिएको छ । विश्लेषणका सिलसिलामा विद्यालयको प्रकृति, लैङ्गिकता र भाषिक पृष्ठभूमि यी पक्षहरूको आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमतामा पाइने भिन्नताको तुलनात्मक अध्ययन गरिएको छ ।

## ४.२ समग्र विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको स्थिति

अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन शीर्षकमा उक्त जिल्लाका जम्मा १० वटा विद्यालयलाई छनोट गरिएको छ । यसरी १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूको नमुना छनोट गरी अध्ययन गरिएको छ । अध्ययन गर्ने क्रममा अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको समग्र अनुच्छेदलेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ :

**तालिका नं. १**

**समग्र विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको स्थिति**

| कुल विद्यार्थी सङ्ख्या | कुल पूर्णाङ्क | कुल प्राप्ताङ्क | प्रतिशताङ्क | औसताङ्क |
|---|---|---|---|---|
| १०० | २००० | १११४ | ५५.७ | ११.१७ |

माथिको तालिकामा समग्र अनुच्छेदलेखनका क्रममा आएका विषयवस्तु संरचना, भाषाशैली, वर्णविन्यासका लागि समग्र अङ्क २० छुट्याइएको थियो । जसको कारण जम्मा १०० जना विद्यार्थीहरूको एकजनाको २० पूर्णाङ्कका दरले योग गर्दा हुन आएको जम्मा पूर्णाङ्क २००० रहेको छ । यसैगरी २००० पूर्णाङ्कमा १०० जना विद्यार्थीको विषयवस्तु, संरचना, वर्णविन्यास र भाषाशैलीमा पाएको कुल प्राप्ताङ्क १११४ र उक्त विद्यार्थीको प्राप्ताङ्कको प्रतिशताङ्क ५५.७ र औसताङ्क ११.१७ रहेको छ ।

नमुना छनोटमा परेका १० ओटा विद्यालयका १०० जना विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमतालाई निम्नानुसार उल्लेख गरिएको छ :

**तालिका नं. २**

**समग्र विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको स्थिति**

| कुल विद्यार्थी सङ्ख्या | निम्न | | सामान्य | | मध्यम | | उत्तम | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | २५ | २५ | १९ | १९ | २१ | २१ | ३५ | ३५ |

माथिको तालिकाको अध्ययन गर्दा छनोटमा परेका १० ओटा विद्यालयका १०० जना विद्यार्थीहरू रहेका छन् । यस तथ्याङ्कलाई समग्रमा हेर्दा १०० जना विद्यार्थीहरूलाई उनीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशतका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ । जसअनुसार पहिलो श्रेणी अर्थात् ४० प्रतिशतसम्म (निम्न) अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २५ जना (२५ प्रतिशत), ४० देखि ५० सम्म (सामान्य) अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १९ जना (१९ प्रतिशत), ५० देखि ६० सम्म (मध्यम) अङ्क ल्याउने २१ जना (२१ प्रतिशत) र ६० भन्दा माथि (उत्तम) अङ्क ल्याउने ३५ जना (३५ प्रतिशत) रहेको छ ।

यसरी माथिको तालिकाले ६०% भन्दा माथि अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या सबैभन्दा बढी देखाएकाले अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता सन्तोषजनक रहेको पाइन्छ । अझै विद्यार्थीको स्वतन्त्रलेखन क्षमतालाई प्रोत्साहन दिन लेखाइ सिपअन्तर्गत वर्णविन्यास र भाषाशैली र संरचना पक्षका बारेमा थप जोड दिनुपर्ने देखिन्छ ।

### ४.२.१ विषयवस्तुको आधार

अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमतालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ३**

**विषयवस्तुको आधारमा अनुच्छेदलेखन क्षमताको स्थिति**


| कुल विद्यार्थी सङ्ख्या | उत्तम | | मध्यम | | सामान्य | | निम्न | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ५६ | ५६% | ३१ | ३१% | ७ | ७% | ६ | ६% |

उपर्युक्त तालिकामा कुल विद्यार्थी सङ्ख्या १०० रहेकोमा ५६ जना उत्तम अर्थात् ५६%, मध्यममा ३१ जना अर्थात् ३१%, सामान्यमा ७ जना अर्थात् ७% र निम्नमा ६ जना अर्थात् ६% रहेको पाइन्छ । यसरी माथिको तालिकालाई हेर्दा विद्यार्थीको विषयवस्तुको प्रस्तुति, कला, क्षमता र रचनात्मक कौशल राम्रै रहेको देखिन्छ । अधिकांश विद्यार्थीले विषयवस्तुको बारेमा परिचित धारणा अगाडि सारेको पाइयो भने थोरै विद्यार्थीले मात्र विषयवस्तु प्रस्तुत गर्न नसकेको अवस्था देखिन्छ । कुल पूर्णाङ्कमध्ये ८ अङ्क विषयवस्तुको लागि छुट्याइएको थियो, जसमा ४८ लाई उत्तम, ४ लाई मध्यम, ३.२ लाई सामान्य र २.४ लाई निम्न श्रेणीको रूपमा लिइएको थियो ।

माथि उल्लिखित तथ्याङ्कलाई स्तम्भचित्रमा यसरी देखाउन सकिन्छ :

**स्तम्भचित्र नं. १**

**विषयवस्तुका आधारमा अनुच्छेदलेखन क्षमताको स्थिति**



विषयवस्तुका आधारमा समग्र विद्यार्थीको अनुच्छेदलेखन क्षमतालाई माथिको स्तम्भचित्रमा देखाइएको छ । जसमा जम्मा १०० जना विद्यार्थीहरू रहेका छन् । जसमध्ये ५६ जना उत्तम ३१ जना मध्यम, ७ जना सामान्य र ६ जना निम्न स्तरका विद्यार्थीहरू रहेका छन् ।

## ४.२.२ संरचनाको आधार

संरचनाका आधारमा अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तथ्याङ्कीय स्वरूपलाई विद्यार्थी समूहमा श्रेणी र प्रतिशतका आधारमा तलको तालिकामा उल्लेख गरिएको छ :

**तालिका नं. ४**

**संरचनाका आधारमा अनुच्छेदलेखन क्षमताको स्थिति**


| कुल विद्यार्थी सङ्ख्या | उत्तम | | मध्यम | | सामान्य | | निम्न | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ४१ | ४१ | १० | १० | – | – | ४९ | ४९ |

उपर्युक्त तालिकामा कुल विद्यार्थी सङ्ख्या १०० मध्ये उत्तममा ४१ जना, मध्यममा १० जना, सामान्यमा कत्ति पनि नदेखिएको र निम्नमा ४९ जना विद्यार्थीहरू रहेको पाइयो । ४१ जनाले पूर्ण रूपमा विषयवस्तुको संरचना मिलाएको, १० जनाले आंशिक रूपमा र ४९ जनाले पटक्कै संरचना मिलाउन नसकेको कुरा स्पष्ट रूपमा देखाइएको छ । अनुच्छेदलेखनको संरचना पक्ष उक्त तथ्याङ्कअनुसार कमजोर रहेको पाइयो ।

माथि उल्लिखित तथ्याङ्कलाई स्तम्भचित्रमा यसरी देखाउन सकिन्छ :

**स्तम्भचित्र नं. २**

**संरचनाका आधारमा अनुच्छेदलेखन क्षमताको स्थिति**




संरचनाका आधारमा अनुच्छेदलेखन क्षमताको स्थितिको विश्लेषण गर्ने काम स्तम्भचित्रमा देखाइएको छ । जसमा जम्मा १०० जना विद्यार्थीहरू रहेका छन् । जसमध्ये ४१ जना उत्तम, १० जना मध्यम, सामान्य विद्यार्थीको उपस्थिति नरहेको र ४९ जना विद्यार्थी निम्न स्तरका रहेका छन् ।

### ४.२.३ भाषाशैलीको आधार

अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूको भाषाशैलीका आधारमा अनुच्छेद लेखन क्षमतालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ५**

**भाषाशैलीको आधारमा अनुच्छेदलेखन क्षमताको स्थिति**


| कुल विद्यार्थी सङ्ख्या | उत्तम | | मध्यम | | सामान्य | | निम्न | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ४३ | ४३ | ४० | ४० | २ | २ | १५ | १५ |

प्रस्तुत तालिकाअनुसार भाषाशैलीका आधारमा जम्मा १०० जना विद्यार्थीहरूमध्ये ४३ जना उत्तम, ४० जना मध्यम, २ जना सामान्य र १५ जना निम्न विद्यार्थी रहेका छन् । कुल पूर्णाङ्क २० मध्ये भाषाशैलीका लागि जम्मा ४ अङ्क छुट्याइएको थियो र जसमा विद्यार्थीले सन्तोषजनक अङ्क प्राप्त गरेको समेत देखिन्छ । माथिको तालिकालाई हेर्दा भाषाशैलीका आधारमा विद्यार्थीको समग्र अनुच्छेदलेखन क्षमता उत्तम रहेको पाइन्छ ।

माथि उल्लिखित तथ्याङ्कलाई स्तम्भचित्रमा यसरी देखाउन सकिन्छ :

**स्तम्भचित्र नं. ३**

**भाषाशैलीका आधारमा अनुच्छेदलेखन क्षमताको स्थिति**




भाषाशैलीका आधारमा अनुच्छेदलेखन क्षमताको स्थितिलाई स्तम्भचित्रमा प्रस्तुत गर्ने प्रयास यसमा गरिएको छ । जसअन्तर्गत १०० जना विद्यार्थीको उपस्थिति रहेको र जसमा ४३ जना विद्यार्थी उत्तम, ४० जना विद्यार्थी मध्यम, दुईजना विद्यार्थी सामान्य र १५ जना निम्न प्रकृतिका रहेका छन् ।

## ४.२.४ वर्णविन्यासको आधार

अर्घाखाँची जिल्लाका कक्षा आठका सम्पूर्ण विद्यार्थीहरूको वर्णविन्यासको आधारमा अनुच्छेद लेखन क्षमतालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ६**

**वर्णविन्यासको आधारमा अनुच्छेदलेखन क्षमताको स्थिति**


| कुल विद्यार्थी सङ्ख्या | उत्तम | | मध्यम | | सामान्य | | निम्न | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | १२ | १२ | १७ | १७ | ४१ | ४१ | ३० | ३० |

प्रस्तुत तालिकाअनुसार उत्तममा १२ जना (१२ प्रतिशत), मध्यममा १७ जना (१७ प्रतिशत), सामान्यमा ४१ जना (४१ प्रतिशत) र निम्नमा ३० जना (३० प्रतिशत) रहेको पाइन्छ । प्रस्तुत तथ्याङ्कलाई हेर्दा ३० जना विद्यार्थीले वर्णविन्यास प्रयोगमा खासै ख्याल नगरेको पाइन्छ । जेहोस् उक्त जिल्लाका विद्यार्थीको अनुच्छेदलेखन क्षमता सामान्य प्रकृतिको रहेको पाइन्छ ।

माथि उल्लिखित तथ्याङ्कलाई स्तम्भचित्रमा यसरी देखाउन सकिन्छ :

**स्तम्भचित्र नं. ४**

**वर्णविन्यासका आधारमा अनुच्छेदलेखन क्षमताको स्थिति**




वर्णविन्यासका आधारमा अनुच्छेदलेखन क्षमताको स्थितिको अध्ययन विश्लेषण गर्ने काम यसअन्तर्गत गरिन्छ । जसअन्तर्गत १२ जना उत्तम, १७ जना मध्यम, ४१ जना सामान्य र ३० जना निम्न रहेका छन् ।

# अध्याय पाँच

# लैङ्गिकताका आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको तुलना

## ५.१ परिचय

यस अध्ययनमा अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्यनरत पाँचवटा संस्थागत र पाँचवटा सामुदायिक गरी जम्मा दशवटा विद्यालयबाट ५० जना छात्र र ५० जना छात्रा गरी जम्मा १०० जना विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता प्रस्ततु गरिएको छ । यस अध्ययनमा लैङ्गिकताका आधारमा अनुच्छेदलेखन क्षमताको स्थितिको अन्तर के कस्तो रहेको छ भनेर पत्ता लगाउने प्रयास गरिएको छ र अध्ययनबाट देखिएको कुरालाई तलको तालिकामा देखाइएको छ :

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | कुल प्राप्ताङ्क | औसताङ्क |
|---|---|---|---|
| छात्र | ५० | ५३९ | १०.७८ |
| छात्रा | ५० | ५७५ | ११.५ |

यस अध्ययनमा अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूमध्ये छात्रहरूको सङ्ख्या ५० र छात्राहरूको सङ्ख्या ५० रहेको छ । जसमध्ये छात्रको कुल प्राप्ताङ्क ५३९ रहेको छ र छात्राको प्राप्ताङ्क ५७५ रहेको छ । तुलनात्मक समूहको प्रतिशत ११ रहेको छ र छात्रको औसताङ्क १०.७८ र छात्राको औसताङ्क ११.५ रहेको छ । अनुच्छेदलेखन क्षमता विश्लेषण गर्दा अपनाइएका तत्त्वहरू भाषाशैली, विषयवस्तु, वर्णविन्यास र संरचनामा व्यक्त भएको आधारमा नै यस अध्ययनमा तुलना गरिएको छ :

## ५.२ विषयवस्तुका आधारमा विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना

अनुच्छेदलेखनका लागि दिइएका विषयवस्तुमा केन्द्रित भएर छात्र र छात्राहरूमध्ये कसले बढी सफलता प्राप्त गरे भन्ने कुरा प्रस्तुत गर्न तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ८**

**विषयवस्तुका आधारमा विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना**


| **कुल विद्यार्थी सङ्ख्या** | **उत्तम** | | **मध्यम** | | **सामान्य** | | **निम्न** | |
|---|---|---|---|---|---|---|---|---|
| | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| **छात्र ५०** | २६ | ५२ | १५ | ३० | – | – | ९ | १८ |
| **छात्रा ५०** | ३० | ६० | १४ | २८ | – | – | ६ | १२ |

विषयवस्तुका आधारमा छात्र र छात्राबिच तुलना गर्दा अनुच्छेदलेखन क्षमतामा खासै अन्तर देखिँदैन । यस अध्ययनमा छात्रको सङ्ख्या ५० र छात्राको सङ्ख्या ५० रहेको छ । जम्मा ५० जना छात्रमध्ये उत्तममा २६ जना अर्थात् ५२ प्रतिशत, मध्यममा १५ जना अर्थात् ३० प्रतिशत र निम्नमा ९ जना अर्थात् १८ प्रतिशत रहेको छ । यसैगरी जम्मा ५० जना छात्रामध्ये उत्तममा ३० जना ६० प्रतिशत, मध्यममा १४ जना अर्थात् २८ प्रतिशत र निम्नमा ६ जना अर्थात् १२ प्रतिशत रहेका छन् । तुलनात्मक रूपमा छात्र र छात्रा बिचको शीर्षकअनुसार विषयवस्तुको प्रयोग गराई सामान्य नै रहेको पाइन्छ ।

माथि उल्लिखित तथ्याङ्कलाई स्तम्भचित्रमा यसरी देखाउन सकिन्छ :

**स्तम्भचित्र नं. ५**

**विषयवस्तुका आधारमा विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना**




विषयवस्तुका आधारमा छात्र र छात्राको तुलनात्मक अध्ययनअन्तर्गत जम्मा १०० जना विद्यार्थीमध्ये ५० जना छात्र र ५० जना छात्रा रहेका छन् । जसमध्ये विषयवस्तुका आधारमा उत्तम छात्रा २६ र छात्रा २०, मध्यममा छात्र १५ र छात्रा १४, सामान्यमा कुनै पनि नभएको र ९ जना छात्र र ६ जना छात्रालाई समेत हेर्न चाहन्छन् ।

## ५.३ संरचनाका आधारमा विद्यार्थीको अनुच्छेदलेखन क्षामताको तुलना

संरचना भन्नाले बनोट पक्षलाई बुझिन्छ । हरेक विधाका आ–आफ्ना संरचना भएझैं अनुच्छेदको पनि आफ्नै संरचना रहेको छ । अनुच्छेद आदि, मध्य र अन्त्यको शृङ्खलामा हुन्छ । लैङ्गिकताका आधारमा कक्षा आठमा अध्ययनरत अर्घाखाँची जिल्लाका विद्यार्थीहरूमा अनुच्छेदलेखनका क्रममा संरचना पक्षमा देखिएको क्षमतालाई निम्नानुसार उल्लेख गरिएको छ :

**तालिका नं. ९**

**संरचनाका आधारमा विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना**


| कुल विद्यार्थी सङ्ख्या | उत्तम | | मध्यम | | सामान्य | | निम्न | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| **छात्र ५०** | १८ | ३६ | ३ | ६ | ३ | ६ | २६ | ५२ |
| **छात्रा ५०** | २४ | ४८ | ७ | १४ | १ | २ | १८ | ३६ |

संरचनाका आधारमा छात्र र छात्राको अनुच्छेदलेखन क्षमताको तुलना गर्दा जम्मा ५० जना छात्रमध्ये उत्तममा १८ जना (३६ प्रतिशत), मध्यममा ३ जना (६ प्रतिशत), सामान्यमा ३ जना (६ प्रतिशत) र निम्नमा २६ जना (५२ प्रतिशत) रहेको पाइयो । त्यसैगरी छात्रातर्फ जम्मा ५० जनामध्ये २४ जना (४८ प्रतिशत) उत्तममा, ७ जना (१४ प्रतिशत) मध्यम, १ जना (२ प्रतिशत) सामान्य र १८ जना (३६ प्रतिशत) निम्न रहेका छन् । जम्मा २० पूर्णाङ्कमध्ये संरचनाको लागि ४ अङ्क छुट्याइएको थियो । जम्मा २.४ लाई उत्तम, २ ल्याउनेलाई मध्यम, १.६ लाई सामान्य र १.२ भन्दा कमलाई निम्न मानेर माथिको तथ्याङ्क देखाइएको हो । यसरी संरचनाका आधारमा छात्र र छात्राबिच तुलना गर्दा छात्रको तुलनामा छात्राको अनुच्छेदलेखनको संरचना पक्ष राम्रो देखिन्छ तर धेरै विद्यार्थीले संरचना पक्षमा ध्यान नदिएको पनि देखिन्छ ।

माथि उल्लिखित तथ्याङ्कलाई स्तम्भचित्रमा यसरी देखाउन सकिन्छ :

स्तम्भचित्र नं. ६

संरचनाका आधारमा विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना




संरचनाका आधारमा जम्मा १०० जना छात्र/छत्राहरूमध्ये ५० जना छात्र र ५० जना छत्रा रहेका छन् । जसमध्ये १८ जना छात्र र २४ जना छात्रा उत्तम, ३ जना छात्र र ७ जना छात्रा मध्यम, ३ जना छात्र र १ जना छात्रा सामान्य र २६ जना छात्र र १८ जना छात्रा गरी माथिको तालिकामा उल्लेख गरिएको छ ।

## ५.४ भाषाशैली आधारमा विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना

भाषा अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्ति प्रस्तुतिको ढङ्ग, ढाँचा वा तौरतरिका हो । शैली लेखकको निजी पहिचान समेत हो । विषयवस्तुको प्रस्तुतिको क्रममा छात्र र छात्राले के कस्तो भाषाशैलीको प्रस्तुति गरे अर्थात् कसले राम्रो प्रस्तुति प्रकट गरे भन्ने कुरा तलको तथ्याङ्कले प्रस्तुत गरेको छ ।

**तालिका नं. १०**

**भाषाशैलीका आधारमा विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना**


| **कुल विद्यार्थी सङ्ख्या** | **उत्तम** | | **मध्यम** | | **सामान्य** | | **निम्न** | |
|---|---|---|---|---|---|---|---|---|
| | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| **छात्र ५०** | १८ | ३६ | २३ | ४६ | ८ | १६ | १ | २ |
| **छात्रा ५०** | २७ | ५४ | १७ | ३४ | ५ | १० | १ | २ |

माथि उल्लिखित तालिकालाई हेर्दा ५० जना छात्रहरूमध्ये १८ जना (३६ प्रतिशत) उत्तम, २३ जना (४६ प्रतिशत) मध्यम, ८ जना (१६ प्रतिशत) सामान्य र १ जना (२ प्रतिशत) निम्न रहेका छन् । यसैगरी ५० जना छात्राहरूमध्ये २७ जना (५४ प्रतिशत) उत्तम, १७ जना (३४ प्रतिशत) मध्यम, ५ जना (१० प्रतिशत) सामान्य र १ जना (२ प्रतिशत) निम्न रहेका छन्. । जसका लागि २० पूर्णाङ्कमध्ये ४ अङ्क छुट्याइएको थियो । जसमा २.४ भन्दा माथिको अङ्कलाई उत्तम, २ देखि २.४ सम्मको अङ्कलाई मध्यम, १ देखि २.४ लाई सामान्य र १.५ भन्दा कमलाई निम्न गरी माथिको तथ्याङ्क प्रस्तुत गरिएको छ । यस आधारलाई तुलनात्मक रूपमा हेर्दा छात्रको भन्दा छात्राको भाषाशैलीको प्रयोग गराई अलि बढी राम्रो नै देखिन्छ ।

माथि उल्लिखित तथ्याङ्कलाई स्तम्भचित्रमा यसरी देखाउन सकिन्छ :

**स्तम्भचित्र नं. ७**

**भाषाशैलीका आधारमा विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना**




भाषाशैलीका आधारमा जम्मा १०० जना विद्यार्थीमध्ये ५० जना छात्र र ५० जना छात्रा रहेका छन् । जसमध्ये १८ जना छात्र र २७ जना छात्रा उत्तम, २३ जना छात्र र १७ जना छात्रा मध्यम, ८ जना छात्र र ५ जना छात्रा सामान्य र १ जना छात्र र १ जना छात्रा निम्न रहेका छन् ।

## ५.५ वर्णविन्यासका आधारमा विद्यार्थीको अनुच्छेदलेखन क्षामताको तुलना

अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत नमुना छनोटमा परेका १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययनमा वर्णविन्यासको प्रयोगको तुलनात्मक स्थिति तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ११

## वर्णविन्यासका आधारमा विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना


| कुल विद्यार्थी सङ्ख्या | उत्तम | | मध्यम | | सामान्य | | निम्न | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| **छात्र ५०** | १० | २० | २९ | ५८ | ७ | १४ | ४ | ८ |
| **छात्रा ५०** | १३ | २६ | ३० | ६० | ६ | १२ | १ | २ |

वर्णविन्यासका आधारमा जम्मा ५० जना छात्रमध्ये १० जना (२० प्रतिशत) उत्तम, २९ जना (५८ प्रतिशत) मध्यम, ७ जना (१४ प्रतिशत) सामान्य र १ जना (२ प्रतिशत) निम्न रहेका छन् । यसैगरी ५० जना छात्राहरूमध्ये १३ जना (२६ प्रतिशत) उत्तम, ३० जना (६० प्रतिशत) मध्यम, ६ जना (१२ प्रतिशत) सामान्य र १ जना (२ प्रतिशत) निम्न रहेका छन् । उक्त तथ्याङ्कलाई प्रस्तुत गर्न २० पूर्णाङ्कको परीक्षा लिइएको थियो । वर्णविन्यासका लागि जम्मा ४ अङ्क छुट्याइएको थियो जसमध्ये २.४ लाई उत्तम, २ मध्यम, १.५ लाई सामान्य र १.२ मुनिलाई निम्न मानी माथिको तथ्याङ्क प्रस्तुत गरिएको छ । अर्घाखाँची जिल्लामा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूलाई अनुच्छेदलेखन क्षमताको अध्ययन गर्ने क्रममा भाषाशैली, संरचना, विषयवस्तुको प्रयोग गराई र वर्णविन्यासमध्ये सबैभन्दा अन्यौलता र लापरबाही वर्णविन्यास प्रयोग गराईमा देखिएको छ ।

माथि उल्लिखित तथ्याङ्कलाई स्तम्भचित्रमा यसरी देखाउन सकिन्छ :

**स्तम्भचित्र नं. ८**

**वर्णविन्यासका आधारमा विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना**




वर्णविन्यासका आधारमा जम्मा १०० जना विद्यार्थीमध्ये ५०/५० छात्र र छात्रा रहेका छन्, जसमध्ये १० जना छात्र र १३ जना छात्रा उत्तम, २९ जना छात्र र ३० जना छात्रा मध्यम, ७ जना छात्र र ६ जना छात्रा सामान्य र ४ छात्र र १ छात्रा निम्न रहेका छन् ।

# अध्याय छ

# विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको तुलना

## ६.१ विद्यालय प्रकृतिका आधारमा तुलनात्मक अध्ययन

प्रस्तुत अध्ययनमा अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूमा गरिएको यो अध्ययन सामुदायिकतर्फ ५ वटा र संस्थागततर्फ ५ वटा विद्यालय छनोट गरिएका छन् । यस अध्ययनमा यी दुवै धारका विद्यालयका विद्यार्थीबिच अनुच्छेदलेखन क्षमतामा के कति अन्तर रहेको छ भन्ने कुरालाई तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । यस अध्ययनमा विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको तुलनात्मक स्थिति तलको तालिकामा प्रस्तुत गरिएको छ । यसमा औसताङ्क पनि निकालिएको छ ।

**तालिका नं. १२**

| तुलनात्मक समूह | जम्मा प्राप्ताङ्क | प्रतिशताङ्क | समग्र प्रतिशताङ्क | औसताङ्क | समग्र औसताङ्क |
|---|---|---|---|---|---|
| संस्थागत ५० | ५९० | ५९ | ५५.७ | ११.८ | ११.४ |
| सामुदायिक ५० | ५२४ | ५२.४ | | १०.४८ | |


उक्त तुलनात्मक अध्ययनमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता संस्थागत विद्यालयका विद्यार्थीहरूको भन्दा कमजोर देखिन्छ । जसमा सामुदायिक विद्यालयका जम्मा ५० जना विद्यार्थीहरूको प्राप्ताङ्क ५२४ रहेको छ भने उनीहरूको औसताङ्क १०.४८ र प्रतिशताङ्क ५९ प्रतिशत रहेको छ । त्यसैगरी संस्थागत विद्यालयका जम्मा ५० जना विद्यार्थीहरूको कुल प्राप्ताङ्क ५९० प्रतिशताङ्क

५९ प्रतिशत र औसताङ्क ११.८ रहेको छ । यसका अतिरिक्त समग्र प्रतिशताङ्क ५५.७ प्रतिशत र समग्र औसताङ्क ११.४ रहेको छ ।

यसरी दुवै तथ्याङ्कलाई विश्लेषण गरी संस्थागत विद्यालयका विद्यार्थीहरूको सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा बढी प्राप्ताङ्क भएकाले सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको अनुच्छेदलेखन क्षमता राम्रो देखिन्छ ।

**स्तम्भचित्र नं. ९**

**विद्यालय प्रकृतिका आधारमा अनुच्छेदलेखन क्षमताको स्थिति**




प्रस्तुत स्तम्भचित्रमा सामुदायिक र संस्थागत विद्यालयका ५०/५० जना विद्यार्थीहरूमध्ये कुल पूर्णाङ्क २००० को १०००/१००० पूर्णाङ्कमध्ये संस्थागतले ५९० र सामुदायिकले ५२४ अङ्क प्राप्त गरेको देखिन्छ । जसबाट सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयको अनुच्छेदलेखन क्षमता राम्रो देखिन्छ । यसका साथै ११.८ प्रतिशत औसताङ्क संस्थागतको र १०.४८ प्रतिशत औसताङ्क सामुदायिक विद्यालयको रहेको छ ।

विद्यालय प्रकृतिका आधारमा अनुच्छेदलेखन क्षमता विश्लेषण गर्दा अपनाइएका तत्त्वहरू विषयवस्तु, भाषाशैली, संरचना र वर्णविन्यासमा व्यक्त भएको आधारमा नै यसको तुलना गरिएको छ । उक्त तत्त्वको पनि उत्तम, मध्यम, सामान्य र निम्न गरी चारवटा श्रेणीमा मूल्याङ्कन गरेर प्रत्येकको छुट्टाछुट्टै तालिका देखाइ तुलना गरिएको छ ।

## ६.२ विषयवस्तुको आधार

सामुदायिक र संस्थागत विद्यालयका नमुना छनोटमा परेका १०० जना विद्यार्थीहरूको विषयवस्तुको आधारमा अनुच्छेदलेखन क्षमताको तुलनात्मक अध्ययन निम्नानुसार उल्लेख गरिएको छ :

**तालिका नं. १३**

**विषयवस्तुका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना**


| कुल विद्यार्थी सङ्ख्या | उत्तम | | मध्यम | | सामान्य | | निम्न | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र ५० | २६ | ५२ | १३ | २६ | ५ | १० | ६ | १२ |
| छात्रा ५० | २९ | ५८ | १६ | ३२ | ४ | ८ | १ | २ |

उपयुक्त तालिकामा सामुदायिक विद्यालयका जम्मा ५० जना विद्यार्थीहरूमध्ये २६ जना उत्तम, १३ जना मध्यम, ५ जना सामान्य र ६ जना निम्न रहेका छन् । यसैगरी संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूमध्ये २९ जना उत्तम, १६ जना मध्यम, ४ जना सामान्य र १ जना निम्नमा रहेका छन् । माथिको परिणामलाई हेर्दा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता केही कम देखिए पनि विषयवस्तुको प्रस्तुति र परिचयमा विद्यार्थी स्पष्ट रहेको देखिएको छ ।

माथि उल्लिखित तथ्याङ्कलाई स्तम्भचित्रमा यसरी देखाउन सकिन्छ :

**स्तम्भचित्र नं. १०**

**विषयवस्तुका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना**




प्रस्तुत स्तम्भचित्रमा सामुदायिक र संस्थागत विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूमध्ये ५०/५० छात्र र छात्रा रहेका छन् । विषयवस्तुका आधारमा अनुच्छेदलेखन क्षमताको सामुदायिक र संस्थागत विद्यालयका छात्र/छात्राको तुलना गर्दा २६ जना छात्र र २९ जना छात्रा उत्तम, १३ जना छात्र र १६ जना छात्रा मध्यम, ५ जना छात्र र ४ जना छात्रा सामान्य र ६ जना छात्र र १ जना छात्रा निम्न रहेका छन् ।

## ६.३ संरचनाको आधार

सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको संरचनाका आधारमा तुलना तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. १४**

**संरचनाका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना**


| कुल विद्यार्थी सङ्ख्या | उत्तम | | मध्यम | | सामान्य | | निम्न | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| **छात्र ५०** | १४ | २८ | ६ | १२ | २ | ४ | २८ | ५६ |
| **छात्रा ५०** | २७ | ५४ | २ | ४ | ३ | ६ | १८ | ३६ |

संरचनाका आधारमा अनुच्छेदलेखन क्षमतालाई हेर्दा निम्नानुसारको नतिजा प्राप्त भएको छ । सामुदायिक विद्यालयका जम्मा ५० जना विद्यार्थीमध्ये १४ जना २८ प्रतिशत उत्तम, ६ जना १२ प्रतिशत मध्यम, २ जना (४ प्रतिशत) सामान्य र २८ जना (५६ प्रतिशत) निम्न रहेका छन् । यसैगरी संस्थागत विद्यालयमा ५० जना विद्यार्थीहरूमध्ये २७ जना (५४ प्रतिशत) उत्तम, २ जना (४ प्रतिशत) मध्यम, ३ जना (६ प्रतिशत) सामान्य र १८ जना ३६ प्रतिशत) निम्न रहेका छन् । यसरी उक्त नतिजालाई विश्लेषण गर्दा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको अनुच्छेदलेखनको संरचना राम्रो देखिन्छ ।

माथि उल्लिखित तथ्याङ्कलाई स्तम्भचित्रमा यसरी देखाउन सकिन्छ :

**स्तम्भचित्र नं. ११**

**संरचनाका आधारमा छात्र/छात्राको अनुच्छेदलेखन क्षमताको तुलना**




संरचनाका आधारमा प्रस्तुत स्तम्भचित्र तालिकामा जम्मा १०० जना विद्यार्थीमध्ये ५०/५० जना छात्र/छात्रा रहेका छन् । जसमध्ये १४ जना छात्र र २७ जना छात्रा उत्तम, ६ जना छात्र र २ जना छात्रा मध्यम, २ जना छात्र र ३ जना छात्रा सामान्य र २८ जना छात्र र १५ जना छात्रा निम्न प्रकृतिका रहेका छन् ।

## ६.४ भाषाशैलीको आधार

अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमतालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. १५**

**भाषाशैलीका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना**


| कुल विद्यार्थी सङ्ख्या | उत्तम | | मध्यम | | सामान्य | | निम्न | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| **छात्र ५०** | १८ | ३६ | २० | ४० | १० | २० | २ | ४ |
| **छात्रा ५०** | २७ | ५४ | १९ | ३८ | ४ | ८ | – | – |

माथिको तालिकाअनुसार सामुदायिक विद्यालयका जम्मा ५० जना विद्यार्थीमध्ये १८ जना (३६ प्रतिशत) उत्तम, २० जना (४० प्रतिशत) मध्यम, १० जना (२० प्रतिशत) सामान्य र २ जना (४ प्रतिशत) निम्न रहेका छन् । यसैगरी संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूमध्ये २७ जना (५४ प्रतिशत) उत्तम, १९ जना (३८ प्रतिशत) मध्यम र ४ जना (८ प्रतिशत) सामान्य रहेका छन् । भाषाशैलीका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना गर्दा संस्थागत विद्यालयका विद्यार्थीको अनुच्छेदलेखनमा प्रस्तुत गरिएको भाषाशैली राम्रो देखिन्छ ।

माथि उल्लिखित तथ्याङ्कलाई स्तम्भचित्रमा यसरी देखाउन सकिन्छ :

**स्तम्भचित्र नं. १२**

**भाषाशैलीका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना**




भाषाशैलीका आधारमा प्रस्तुत स्तम्भचित्र तालिकामा जम्मा १०० जना विद्यार्थीमध्ये ५०/५० जना विद्यार्थी सङ्ख्या रहेका छन् । जसमध्ये १८ जना छात्र र २७ जना छात्रा उत्तम, २० जना छात्र र १९ जना छात्रा मध्यम, १० जना छात्र र ४ जना छात्रा सामान्य र २ जना छात्र निम्न प्रकृतिका रहेका छन् ।

## ६.५ वर्णविन्यासको आधार

वर्णविन्यासका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनात्मक अध्ययन तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. १६

## वर्णविन्यासका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना


| कुल विद्यार्थी सङ्ख्या | उत्तम | | मध्यम | | सामान्य | | निम्न | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| **छात्र ५०** | १३ | २६ | २५ | ५० | ७ | १४ | ५ | १० |
| **छात्रा ५०** | ९ | १८ | ३६ | ७२ | ५ | १० | – | – |

प्रस्तुत अध्ययनअनुसार सामुदायिक विद्यालयका ५० जना विद्यार्थीहरूमध्ये १३ जना (२६ प्रतिशत) उत्तम, २५ जना (५० प्रतिशत) मध्यम, ७ जना (१४ प्रतिशत) सामान्य र ५ जना (१० प्रतिशत) निम्न रहेका छन् भने ५० जना संस्थागत विद्यालयका विद्यार्थीहरूमध्ये ९ जना (१८ प्रतिशत) उत्तम, ३६ जना (७२ प्रतिशत) मध्यम, ५ जना ( १० प्रतिशत) सामान्य रहेका छन् । अनुच्छेदलेखनको क्रममा वर्णविन्यासको सही प्रयोग संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको वर्णविन्यास प्रयोग क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

माथि उल्लिखित तथ्याङ्कलाई स्तम्भचित्रमा यसरी देखाउन सकिन्छ :

### स्तम्भचित्र नं. १३

### वर्णविन्यासका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको अनुच्छेदलेखन क्षमताको तुलना




प्रस्तुत स्तम्भचित्रमा जम्मा १०० जना विद्यार्थीहरू रहेका छन् । जसमध्ये ५०/५० जना छात्र/छात्रा रहेका छन् । जसमध्ये वर्णविन्यासका आधारमा उक्त स्तम्भचित्रमा १३ जना छात्र र ९ जना छात्रा उत्तम, २५ छात्र र ३६ छात्रा मध्यम, ७ छात्र र ५ छात्रा सामान्य र ५ छात्रा निम्न प्रकृतिका रहेका छन् ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

प्रस्तुत अध्ययन अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता पत्ता लगाउन गरिएको छ । अनुच्छेदलेखन विस्तृत र व्यापक रूपमा प्रस्तुत विचारलाई छोटकरीमा प्रस्तुत गर्ने लेखन सिप हो । यसमा मूल पाठमा भएका अप्रासङ्गिक र अनावश्यक कुरालाई हटाएर आवश्यक अंशलाई नछुटाइकन सम्पूर्ण तरिकाले प्रस्तुत गरिन्छ । थोरै शब्दमा धेरै कुरा भन्न यो प्रक्रिया अपनाइन्छ । समयको बचत गर्न र अनावश्यक कुरालाई हटाई आवश्यक कुरा स्मरण गर्न पनि यसको उपयोग गरिन्छ । खासगरी विद्यार्थीलाई ठूला ठूला पाठबाट त्यसको निचोड, निष्कर्ष निकाल्न महत्त्वपूर्ण घटना छुट्याउन यसको आवश्यकता पर्दछ । अनुच्छेदलेखनको तल्लो तहदेखि माथिल्लो तहसम्म लेखन सिपलाई शुद्ध तरिकाले व्यक्त गर्न सहयोग गर्दछ । यसको प्रयोजन अनावश्यक कुराभन्दा आवश्यक महत्त्वपूर्ण सत्यतथ्य र प्रासङ्गिक कुरामा केन्द्रित रही मूल सार पत्ता लगाउनु हो । अनुच्छेदलेखन कुनै पनि शीर्षकमा केन्द्रित भएर लेखिने लेख हो ।

प्रस्तुत अध्यनको उद्देश्य प्राप्तिका लागि ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालय लिएका छन् । जसमध्ये गंगा आधारभूत , नेपाल राष्ट्रिय मा.वि., सिद्ध ने.रा.मा.वि., जनकल्याण मा.वि. र सरस्वती उ.मा.वि. सामुदायिक विद्यालय र गौरीशङ्कर इङ्लिस बोर्डिङ, मदरल्यान्ड इङ्लिस बोर्डिङ, सन्धिखर्क, ग्रीन इङ्लिस स्कुल, मालिका इङ्लिस बोर्डिङ र अर्घाखाँची आवासीय संस्थागत विद्यालय रहेका छन्  उक्त विद्यालयका १०० जना विद्यार्थीलाई नमुना छनोटको रूपमा लिएर अध्ययन विश्लेषण प्रक्रियालाई अगाडि बढाइएको छ । प्रस्तुत अध्ययनमा ५० जना संस्थागत विद्यालयका र ५० जना सामुदायिक विद्यालयका विद्यार्थीहरू रहेका छन् । विद्यार्थीले मूल्याङ्कन गर्नका लागि विद्यार्थी ‘जीवनमा अनुशासनको महत्त्व’ र ‘नारी शिक्षा आजको आवश्यकता’

शीर्षकमा अनुच्छेदलेखन कार्य गराइएको छ । प्रस्तुत अध्ययनबाट प्राप्त नतिजालाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको नतिजा त्यति राम्रो भने छैन । समग्र अर्घाखाँची जिल्लाका १० ओटा विद्यालयको अनुच्छेदलेखन क्षमता पनि बालबालिकाको उमेरअनुसार सुहाउँदो रहेको पाइन्छ । अदृष्टांश र दृष्टांश गरी दुई शीर्षकमा अनुच्छेद लेख्न लगाइएको थियो । जसमा १०/१० गरी जम्मा २० पूर्णाङ्क राखिएको थियो । विद्यार्थीको अनुच्छेदलेखन क्षमतालाई उत्तम, मध्यम, सामान्य र निम्न अङ्क भनी दिइएको थियो ।

## ७.२ निष्कर्ष

प्रस्तुत अध्ययन अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । यस शोधकार्यमा विभिन्न खोज र अनुसन्धानको कार्यमा प्राप्त गरेको परिणामको व्याख्या र विश्लेषणका आधारमा निष्कर्ष निकालिएको छ । अर्घाखाँची जिल्लाका कक्षा आठमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन गर्दा अध्ययन एकदेखि सात अध्यायसम्म लम्बिएको छ । अध्याय एकमा शोधपरिचय जसअन्तर्गत पृष्ठभूमि, समस्या, उद्देश्य, औचित्य, परिसीमा तथा रूपरेखा उल्लेख गरिएको छ । अध्याय दुईअन्तर्गत पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक परिचय, अनुच्छेदका परिभाषा, प्रकार, अनुच्छेदलेखनको प्रयोजन, अनुच्छेद र लेखाइ सिपको सम्बन्ध जस्ता विविध कुरा समावेश गरिएका छन् । अध्याय तिनमा अध्ययन विधि, तथ्याङ्क सङ्कलन, व्याख्या विश्लेषण आदि प्रस्तुत गरिएको छ । अध्याय चारमा अर्घाखाँची जिल्लाका कक्षा आठका (संरचना, भाषाशैली, विषयवस्तु र वर्णविन्यास) समग्र विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन गरिएको छ । अध्याय छअन्तर्गत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको तुलनात्मक अध्ययन गरिएको छ र अध्याय सातअन्तर्गत सारांश, निष्कर्ष र उपयोगिता रहेका छन् ।

प्रस्तुत शोधकार्यमा कूल २००० पूर्णाङ्कमा १०० जनाको १११४ अङ्क प्राप्ताङ्क रहेको छ । यसको आधारमा समग्र विद्यार्थीको अनुच्छेदलेखनको प्रतिशताङ्क ५५.७

प्रतिशत र औसताङ्क ११.१७ प्रतिशत रहेको छ । सामुदायिक र संस्थागत विद्यालयका छात्र/छात्राहरूको अनुच्छेदलेखनको तुलनात्मक अध्ययन गर्दा विषयवस्तु, संरचना, भाषाशैली र वर्णविन्याससलाई मापनको मुख्य आधार बनाएर मूल्याङ्कन गरिएको छ । जसमा कूल २० पूर्णाङ्कमध्ये विषयवस्तुको लागि ८ अङ्क, भाषाशैली ४ अङ्क, संरचना ४ र वर्णविन्यास ४ अङ्क गरी मूल्याङ्कन गरिएको छ । जसमा १०० जना विद्यार्थीको २० पूर्णाङ्कका दरले समग्र पूर्णाङ्क २००० र विद्यार्थीले पाएको प्राप्ताङ्क १११४ रहेको छ । यीमध्ये संस्थागत विद्यालयले ५९० अङ्क र सामुदायिक विद्यालयले ५२४ अङ्क प्राप्त भएको छ । विद्यालय प्रकृतिको तुलनात्मक अध्ययन गर्दा संस्थागत विद्यालयका छात्र र छात्राहरूको अनुच्छेदलेखन क्षमता सामुदायिक विद्यालयको भन्दा सन्तोषजनक रहेको पाइन्छ ।

लैङ्गिकताका आधारमा छात्र/छात्राको तुलनात्मक अध्ययनका लागि जम्मा १०० जनाको एकको २० का दरले जम्मा २००० र छात्र/छात्राले पाएका जम्मा प्राप्ताङ्क १११४ रहेको छ । जसमध्ये ५० जना छात्रले पाएको प्राप्ताङ्क ५३९ र ५० छात्राले पाएको प्राप्ताङ्क ५७५ रहेको छ । यहाँ छात्रहरूको औसताङ्क १०.७८ प्रतिशत र छात्राहरूको औसताङ्क ११.५ प्रतिशत रहेको छ । प्रस्तुत अध्ययनमा छात्र/छात्राको अनुच्छेदलेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा छात्रको तुलनामा छात्राको अनुच्छेदलेखन क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

सिर्जनात्मक लेखनको एक अंशको रूपमा रहेको अनुच्छेदलेखनले भाषाको लेखाइगत सिप, दक्षता, क्षमता, कौशलता, प्रस्टता, तथ्यपरकता, परिपक्वता, परिष्कार र प्रौढता निर्माण गर्दछ । प्रस्तुत अध्ययनमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूमा गरिएको तुलनात्मक अध्ययनमा सामुदायिक विद्यालयको नेपाली भाषाको स्तर केही खस्किएको देखिन्छ । कक्षा आठमा लेख्य चिह्नको प्रयोगलाई हेर्दा अधिकांश विद्यार्थीहरूको चन्द्रबिन्दु, शिरबिन्दु, विभक्तिको प्रयोगमा कमजोर रहेको पाइयो । यसको मुख्य कारण नेपाली विषय शिक्षण गर्ने विषय शिक्षकको योजना विना शिक्षण गर्नु जस्ता

मुख्य कुराले गर्दा अनुच्छेदलेखनमा केही विद्यार्थीहरूमा केही कमजोरी समेत देखा परेका छन् ।

## ७.३ उपयोगिता

भाषाका चारवटा सिपहरूमध्ये लेखाइ सिप सबैभन्दा स्तरीय भाषिक सिप हो । लिखित भाषा स्थायी किसिमको हुन्छ । लेखाइ सिपको माध्यमबाट नै शिक्षित समुदायले अभिव्यक्तिको उत्कृष्टता हासिल गरेको हुनुपर्दछ । व्यक्तिले अनुभव गरेका, देखेका, सुनेका र भोगेका कुराहरूलाई अरु समक्ष प्रस्तुत गर्न ती कुरालाई स्मरणमा राखी भविष्यमा आफू र अरुका लागि समेत आवश्यकताअनुसार पुनः प्रयोगमा ल्याउन लेखन कलाले मद्दत गर्दछ ।

अनुच्छेदलेखनले शिक्षकको बारेमा स्पष्ट पार्दछ भने अनुच्छेद किन लेख्ने भन्ने कुराको पनि बोध गराउँछ । अभिव्यक्तिगत सङ्क्षिप्तता र गहनता नै यसको विशेषता भएकाले यसको अभ्यासबाट व्यक्तिको सिर्जनात्मक मौलिकता जस्ता सिप र कौशलताको निर्माण गर्दछ । लेखन सिपको महत्त्वपूर्ण कला अनुच्छेदलेखन हो । प्रस्तुत अध्ययनबाट नेपाली भाषा पाठ्यक्रम निर्माण, परिष्कार र परिमार्जन गर्न सहयोग मिल्ने छ । निम्न माध्यमिक तहका पाठ्यपुस्तक निर्माण गर्दा विद्यार्थीको मनोविज्ञान ख्याल गरी पाठ्यपुस्तक निर्माण गर्न सहयोग गर्दछ । भाषाको लिखित संरचनामा प्रयोग गरिने लेख्यचिह्न, वर्णविन्यास, विषयवस्तु, भाषिक शुद्धता, संयोजन तथा प्रस्तुतिलाई सही ढङ्गले अगाडी बढाउन थप सहयोग गर्दछ । विद्यार्थीहरूमा कुनै पनि कुरालाई ध्यान दिएर पढ्ने र चिन्तन मनन गर्ने क्षमताको विकासमा सहयोग पुऱ्याउँछ ।

यसरी अनुच्छेदलेखनका विभिन्न गद्यात्मक लेख रचना, सिर्जनात्मक अभ्यासका लागि यससँग सम्बन्धित जानकारी लिन आवश्यक छ । यसले शिक्षक, विद्यार्थी, भाषाविद्, अभिभावक, बौद्धिक व्यक्तित्व आदि पक्षलाई धेरै सहयोग गर्ने विश्वास लिइएको छ । अनुच्छेदको उपयोगिताअन्तर्गत नितिगत र व्यावहारिक तह पनि पर्दछन्, जुन निम्नानुसार रहेका छन् :

### ७.३.१ नीतिगत तह

अनुच्छेदलेखन कार्य आफैँमा एउटा गहन कार्य हो । अनुच्छेदलेखनका निश्चित नीति र नियमहरू पनि रहेका छन् । अनुच्छेदलेखन कार्यलाई सही तरिकाबाट अगाडि बढाउन शिक्षक तथा सम्बन्धित अभिभावक पक्षले पनि यसमा विशेष जोड दिनुपर्दछ । नियम र परिधिमा रहेर कुनै पनि कार्य गर्न सिकाउँदा वा गर्दा निश्चित लक्ष्य हासिल गर्न सकिन्छ ।

यसका अतिरिक्त नीतिगत तहलाई निम्नलिखित बुँदाका आधारमा समेत देखाउन सकिन्छ :

- अनुच्छेदलेखनका नीति नियमको परिधिभित्र रही विद्यार्थीले आफ्ना विचारलाई प्रस्तुत गर्न यसले सहयोग पुऱ्याउँछ ।
- अभ्यासबाट व्यक्तिको सिर्जनात्मकता, मौलिकता जस्ता सिप र कौशलताको विकास गर्नका लागि उपयोगी हुनेछ ।
- लेखाइ सिप विकासका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।
- भाषिक मूल्याङ्कन गर्न सहयोग पुऱ्याउने छ ।
- शिक्षक विद्यार्थीलाई अनुच्छेदलेखनको सैद्धान्तिक परिचय, प्रकार र प्रयोजनबारे जानकारी प्राप्त गर्न सहयोग गर्नेछ ।

### ७.३.२ प्रयोगगत तह

व्यावहारिक तहअन्तर्गत विद्यार्थीले सिकेको ज्ञानलाई कतिको व्यवहारमा उतार्न सक्ने बनाउन सकिन्छ ? विद्यार्थीले त्यो विषयमा कतिको चासो राख्दछ भनी खोजी गरेर शिक्षकले अध्यापन गराउँदा विद्यार्थीलाई फाइदा पुग्छ । अनुच्छेद पनि तालिम प्राप्त, परामर्श र दक्षता प्राप्त भएको शिक्षकले व्यावहारिक रूपबाट सिकाउन सक्ने भएकाले विद्यार्थीले कसरी जान्दछ भनी खोजी गर्दछ । यसका लागि शिक्षक मात्र सर्वेसर्वा नभई

विद्यार्थी पनि ज्ञानको भण्डार हो । व्यावहारिक रूपमा सिकेको कुरा दीर्घकालीन पनि हुन्छ ।

यसका अतिरिक्त व्यावहारिक तहलाई यसप्रकार बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

- सैद्धान्तिक रूपमा सिकेका सिप र ज्ञानलाई व्यावहारिक रूप दिन सहयोग,
- अनुच्छेदलेखनले सिर्जनात्मक, मौलिक क्षमता, दक्षता र लेखन सिप र कौशल निर्माणमा सहयोग,
- शिक्षकले विभिन्न कार्यकलाप अपनाएर शिक्षण गर्दा विद्यार्थीहरूको लेखन क्षमतामा सुधार ल्याउन सहयोग पुऱ्याउने,
- पाठ्यक्रम र पाठ्यसामग्री निर्माणमा सहयोग,
- विगत र वर्तमानको भाषा प्रयोगको अध्ययन अनुसन्धान गर्न आदि ।

# सन्दर्भसामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०५०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

ओझा, रामनाथ (२०७३), *माध्यमिक शिक्षक दिग्दर्शन नेपााली,* काठमाडौँ : पिनाकल पब्लिकेसन प्रा.लि. ।

काफ्ले, सुदर्शन (२०७२), 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खत्री, मीरा (२०६६), 'कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

गौतम, देवीप्रसाद र अन्य (२०६२), *स्नातक नेपाली,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

ज्ञवाली, रामप्रसाद र भट्टराई, रमेशप्रसाद (२०६०), *सबैको नेपाली,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : एम.के.पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

दाहाल, दुर्गाप्रसाद (२०७२), *भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौँ : एम.के.पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

न्यौपाने, प्रतिमा (२०७३), 'काभ्रे जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

न्यौपाने, टङ्कप्रसाद र अन्य (२०६७), *सामान्य भाषाविज्ञान,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

न्यौपाने, श्रीराम (२०६७), *अनिवार्य नेपाली,* काठमाडौँ : पैरवी प्रकाशन ।

पौडेल, माधवप्रसाद (२०७३), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०६६), *माध्यमिक नेपाली व्याकरण, अभिव्यक्ति र अभ्यास,* काठमाडौँ : तलेजु प्रकाशन ।

बराल, हरिराम (२०६४), 'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखनका आधारमा वर्णविन्यास क्षमताको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

बोगटी, शान्तिमाया (२०६८), 'कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भण्डारी, पारसमणि र अन्य (२०६७), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : पिनाकल पब्लिकेशन प्रा.लि. ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, विष्णुबहादुर (२०७२), 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

लम्साल, रामचन्द्र र अन्य (२०५७), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

लामिछाने, यादवप्रकाश (२०६२), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, सावित्रीकुमारी (२०७२), 'पर्वत जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

सापकोटा, रमा (२०६७), 'कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

## परिशिष्ट 'क'

# नमुना छनोटमा परेका विद्यालयको नामावली

| क.सं. | सामुदायिक विद्यलाय | स्थायी ठेगाना |
|---|---|---|
| १. | श्री गंगा आधारभूत विद्यालय | स.न.पा.–२, चुत्रावेशी अर्घाखाँची |
| २. | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय | ठूलापोखरा, अर्घाखाँची |
| ३. | श्री सिद्धनेरा माध्यमिक विद्यालय | मालारानी गा.पा.–१, छेडाकोठाँटी मरेङ्ग, अर्घाखाँची |
| ४. | श्री जनकल्याण मा.वि. | छत्रदेव गा.पा.–७, टारुभतेरा, अर्घाखाँची |
| ५. | श्री सरस्वती उ.मा.वि. | सूर्यथुम अर्घाखाँची |
| **क.सं.** | **संस्थागत विद्यलाय** | **स्थायी ठेगाना** |
| १. | गौरीशंकर इङ्गलिस बोर्डिङ स्कुल | सन्धिखर्क–१, अर्घाखाँची |
| २. | मदरल्यान्ड इङ्गलिस बोर्डिङ स्कुल | सन्धिखर्क–१, शान्तिनगर |
| ३. | सन्धिखर्क ग्रीन इङ्गलिस स्कुल | सन्धिखर्क–२, अर्घाखाँची |
| ४. | मालिका इङ्गलिस बोर्डिङ स्कुल | ठुलापोखरा–७, अर्घाखाँची |
| ५. | अर्घाखाँची आवासीय मा.वि. | सन्धिखर्क–२, बेलवाटिका |

# परिशिष्ट 'ख'

# नमुना छनोटमा परेका विद्यार्थीहरूको नामावली र प्राप्ताङ्क

सामुदायिक विद्यालयका विद्यार्थीहरू

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
| 1 | सुभास पाण्डे | 6 | 1 | दीपक गैरे | 12 |
| 2 | रबिना अर्याल | 6 | 2 | रविना मल्ल | 12 |
| 3 | श्यामलाल पाण्डे | 4 | 3 | अशोक श्रेष्ठ | 11 |
| 4 | लोकनाथ अधिकारी | 8 | 4 | सन्देश थापा | 14 |
| 5 | विक्रम पाण्डे | 6 | 5 | रचना श्रेष्ठ | 10 |
| 6 | सन्ध्या सुनार | 7 | 6 | सिर्जना भुसाल | 10 |
| 7 | प्रविन श्रेष्ठ | 7 | 7 | झविलाल आले | 8 |
| 8 | अस्मिता सुनार | 5 | 8 | शर्मिला के.सी. | 7 |
| 9 | नवीना श्रेष्ठ | 6 | 9 | इन्दिरा महत | 8 |
| 10 | मिलन शाह | 5 | 10 | दिपेश खनाल | 14 |
| 11 | गंगा भुषाल | 6 | 11 | अनुज जैसी | 7 |
| 12 | ननीता श्रेष्ठ | 9=5 | 12 | सृष्टि टण्डन | 14 |
| 13 | दुर्गा सुनार | 12 | 13 | सुस्मिता खनाल | 13 |
| 14 | निशा श्रेष्ठ | 11 | 14 | निश्चल भट्टराई | 12 |
| 15 | अमृता थापा | 16 | 15 | सुजन पुन | 9 |
| 16 | अमृत श्रेष्ठ | 15 | 16 | अस्मिता बन्जाडे | 8 |

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
| १७ | शिव थापा | १७ | १७ | रिदम रायमाझी | ९ |
| १८ | नमिता वि.क. | १७=५ | १८ | महिमा पराजुली | ११ |
| १९ | राधा बञ्जाडे | १६ | १९ | सचिन बन्जाडे | १० |
| २० | कमला थापा | १६=५ | २० | दक्षिणा बस्नेत | ११ |
| २१ | तारा बञ्जाडे | १५ | २१ | गौरव श्रेष्ठ | १६ |
| २२ | भावना पाण्डे | १६ | २२ | अस्मिना जि.सी. | १६ |
| २३ | पूजा श्रेष्ठ | १६ | २३ | विजय सुनार | १६ |
| २४ | रन्जित न्यौपाने | १३ | २४ | दिया बस्नेत | १३ |
| २५ | सागर थापा | १३ | २५ | पूजा अधिकारी | १५ |
| २६ | सरस्वती वि.क. | १२ | २६ | सन्दिप गैरे | १३ |
| २७ | सुदन बञ्जाडे | १४ | २७ | सुस्मा पौडेल | १७ |
| २८ | दिपा पाण्डे | १८ | २८ | गोकुल ज्ञवाली | १० |
| २९ | सरस्वती सुनार | ११ | २९ | निषेश श्रेष्ठ | १० |
| ३० | बिन्दु अधिकारी | ११ | ३० | एस्तर परियार | १० |
| ३१ | ऐश्वर्या कुँवर | १२ | ३१ | दिव्या वि.सी. | १३ |
| ३२ | भावना पौडेल | १० | ३२ | अभिचा शाही | १० |
| ३३ | अञ्जना थापा | ११ | ३३ | स्मृति आचार्य | १२ |
| ३४ | विक्रम पाण्डे | ११ | ३४ | विजय थापा क्षेत्री | १२ |
| ३५ | केशव श्रेष्ठ | ९ | ३५ | अमृत मुखिया | १० |

| सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
| ३६ | सचिन के.सी. | १० | ३६ | उपासन पाण्डे | १६ |
| ३७ | वसन्त पोखरेल | ११ | ३७ | शर्मिला पौडेल | ६ |
| ३८ | कमल सुनार | ९ | ३८ | वर्षाद् बि.सी. | ५ |
| ३९ | सूचना बेलवासे | १० | ३९ | सन्तोष खड्का | ८ |
| ४० | सीता भुषाल | ८ | ४० | नवीन के.सी. | ९ |
| ४१ | प्रतिमा परियार | ८ | ४१ | कृष्ण श्रेष्ठ | ९ |
| ४२ | सन्तोष वि.क. | ९ | ४२ | आयुष पोखरेल | १३ |
| ४३ | विनोद सुनार | ८ | ४३ | सम्राट पौडेल | १६ |
| ४४ | सरोज भुषाल | ८ | ४४ | दिपेश पौडेल | १६ |
| ४५ | छविजुल्ला मिँया | ८ | ४५ | ऋचा पौडेल | १६ |
| ४६ | सन्तोष वि.क. | ७ | ४६ | सुस्मा पाण्डे | १६ |
| ४७ | लक्ष्मण वि.क. | ९ | ४७ | नवीन बन्जाडे | १६ |
| ४८ | महेश आचार्य | १४ | ४८ | अन्जिता भट्टराई | १८ |
| ४९ | सरिता वि.क. | १० | ४९ | रुचि के.सी. | १४ |
| ५० | दीपक भुषाल | १२ | ५० | विशाल पौडेल | १२ |

## परिशिष्ट 'ग'

# अध्ययनका लागि संरचित गरिएका प्रश्नहरू

विद्यार्थीको नाम : मिति :

विद्यालयको नाम : छात्र ☐ छात्र

१. 'विद्यार्थी जीवनमा अनुशासनको महत्त्व' शीर्षकमा एक अनुच्छेद लेख्नुहोस् ।

२. 'नारी शिक्षा आजको आवश्यकता' शीर्षकमा एक अनुच्छेद लेख्नुहोस् ।

# व्यक्तिवृत्त



नाम : विमला पाण्डे

बाबु : खिमलाल पाण्डे

आमा : रमा पाण्डे

स्थायी ठेगाना : भगवती–५, अर्घाखाँची

लिङ्ग : महिला

राष्ट्रियता : नेपाली

भाषा : नेपाली

धर्म : हिन्दु

सम्पर्क नं : ९८६१७३५९२४

## शैक्षिक योग्यता

| क्र.स. | तह | संस्था | उत्तीर्ण वर्ष |
|---|---|---|---|
| १ | एस.एल.सी. | श्री सरस्वती माध्यमिक विद्यालय | २०६३ |
| २ | प्रवीणता प्रमाणपत्र | मदन भण्डारी मेमोरियल कलेज | २०६७ |
| ३ | स्नातक | डिल्लीबजार कन्या क्याम्पस | २०६९ |
| ४ | स्नातकोत्तर | त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौं | २०७४ |